का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ माघ २०८२
मंगलबार
20 January 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २३, अंक ३४१। पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# चुनावमय बन्यो देश

*यसपटक एक्लाएक्लै चुनाव लड्ने दलहरु शक्ति परीक्षणमा छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बीच कडा प्रतिस्पर्धा हुने देखिन्छ । पुराना नेताहरुलाई जसरी पनि हराएरै छाड्ने नयाँ शक्तिहरुले अभियान चलाइरहँदा नयाँलाई साइजमा राखेर आफ्नो वर्चस्व कायम राख्ने पुराना दलको रणनीति छ ।*



*तल्लो तहको संरचनामा पाँच वर्ष काम गर्नेगरी निर्वाचित प्रतिनिधि कार्यकाल नै नसकी माथिल्लो तहको चुनावतिर लाग्नु राजनीतिक बेइमानी हो ।*

**मुमाराम खनाल**
विश्लेषक



*पार्टीमा बढीभन्दा बढी परिणाम ल्याउन एकताको विकल्पै छैन । यसमा नेताहरुबीच धेरै कुरा मिलिसकेको छ ।*

**देवराज चालिसे**
प्रवक्ता, नेपाली कांग्रेस

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ५ माघ

माघ महिनाको मौसम चिसो हुने नै भयो । तर देश चुनावमय बनेसँगै राजनीतिक गर्मागर्मी बढ्दो छ। सरकार र निर्वाचन आयोगले निर्वाचनका तयारी अन्तिम चरणमा पुर्‍याएसँगै राजनीतिक दलहरू उत्साहका साथ निर्वाचनको तयारीमा जुटेका छन् । सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले आगामी फागुन २१ मा गराउन लागेको प्रतिनिधि सभाको निर्वाचनमा मुख्य राजनीतिक दल शक्ति संघर्षमा केन्द्रित छन्। निर्वाचनमा टिकट वितरणका सन्दर्भमा चित्त नबुझाएर पार्टी अदलबदल गर्नेहरूको लहर नै चलेको छ। पार्टी परिवर्तन गरेर टिकट प्राप्त गर्ने पुरानो चलनलाई नेताहरूले यसपटक पनि उपयोग गरेको परिदृश्यले एकाथरि व्यक्ति शक्ति आर्जनकै लागि जे पनि गर्छन् भन्ने सन्देश दिएको छ। चुनावको सम्मुखमा एक हातले पार्टी सदस्यता र अर्को हातले उम्मेदवारको टिकट लिने प्रवृत्तिका कारण राजनीति पार्टीहरूमा निष्ठा र लामो योगदान गर्नेहरू किनारा लाग्ने परम्परा यसपटक पनि दोहोरिएको छ । स्थानीय तहका प्रमुखदेखि प्रदेश सांसद, मन्त्री र संघीय मन्त्रीले समेत राजीनामा दिएर चुनावमा होमिएका छन् । प्रतिनिधि सभाको निर्वाचनमा पुराना दल शक्ति पृष्ठ २ मा

## चुनावले मिलाउँदै कांग्रेस



आन्तरिक विवादमा फसेको विघटित प्रतिनिधि सभाको सबैभन्दा ठुलो दल नेपाली कांग्रेस अन्ततः मिलेर चुनावी मैदानमा जाँदै छ । विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिलाई अद्यावधिक गर्ने निर्वाचन आयोगको निर्णयविरुद्ध कांग्रेसको शेरबहादुर देउवा पक्षले अदालतमा दायर गरेको रिट फिर्ता लिन सहमत भएको संस्थापन पक्षले दाबी गरेको छ । तर देउवा समूहका नेताहरूले त्यसलाई अस्वीकार गरेका छन् । निर्वाचनअघि पार्टीको १५औं महाधिवेशन गर्ने र नगर्नेबीचको द्वन्द्वले पार्टी विभाजनको संघारमा पुगेको थियो । तर नेताहरू पछिल्लो समयमा आपसी पृष्ठ २ मा

## लोकप्रियतावादी मोह

प्रतिनिधि सभामा जान च्याँखे दाउ थाप्नेहरूमा संघीय मन्त्रीदेखि प्रदेशमन्त्री, सांसदहरू र स्थानीय तहका प्रमुखसमेत राजीनामा दिएर मैदानमा उत्रिएका छन् । पछिल्लो पटक उदाउएको लोकप्रियतावादी राजनीतिको उपयोग गर्दै सामाजिक सञ्जालमार्फत सेलिब्रेटी बनेकाहरू धमाधम उम्मेदवार बनेका छन् ।

चुनाव गराउन बनेको वर्तमान अन्तरिम सरकारका, ऊर्जा, भौतिक र सहरी विकासमन्त्री कुलमान घिसिङ, सूचना तथा सञ्चारमन्त्री जगदीश खरेल, खेलकुदमन्त्री बब्लु गुप्ताले राजीनामा दिएर चुनावी मौदानमा उत्रिए । घिसिङ उज्यालो नेपाल पार्टीमा छन् भने खरेल र गुप्ता राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उम्मेदवार बन्ने तयारीमा छन् । त्यस्तै, देशकै ठुलो काठमाडौं महानगर पालिकाका प्रमुख बालेन्द्र शाह, धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङले राजीनामा बुझाएर संघीय संसदका लागि क्रमशः झापा-५ र सुनसरी-१ बाट उम्मेदवार पृष्ठ २ मा

# मधेशको मत तान्ने रणनीतिमा रास्वपा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ माघ

काठमाडौं महानगरको मेयरबाट राजीनामा दिएको भोलिपल्टै बालेन्द्र शाह 'बालेन' सोमबार मधेश प्रदेशको जनकपर पुगे। उनी पुग्दा जनपुरस्थित राष्ट्रिय सभाको निर्वाचनमा हालसम्म रास्वपाले सहभागिता लिएको छैन । यहीबेला बालेनले अझ बलियो प्रदेश सरकारको आवश्यकता रहेको बताएका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै रास्वपाका सभापति




*२१ फागुनको चुनावबाट धेरै मत ल्याउने पार्टीका रुपमा आफूलाई प्रस्तुत गर्ने रास्वपाको ध्येये छ । यसका लागि बालेनलाई भावी प्रधानमन्त्रीका रुपमा प्रस्तुत गर्दै मधेशबाट पहिलो प्रधानमन्त्री बनाउन लागेको भनेर मत माग्न सुरु गरेका हुन् ।*

कार्यक्रम स्थलमा 'अबकी बार, बालेन सरकार'को नारा लागिरहेको थियो । रास्वपाले बालेनलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेको छ ।

सोमबार जनपुरस्थित कार्यक्रमस्थलमा रास्वपाका सभापति रवि लामिछाने, वरिष्ठ उपाध्यक्ष बालेन, उपसभापति डोलप्रसाद अर्याल, स्वर्णिम वाग्ले, प्रवक्ता मनीष झा, सचिवालय सदस्य सोबिता गौतमलगायत उपस्थित थिए। लामो समय नेपाली कांग्रेसमा रहेर राजनीति गरेका डा. अमरेशकुमार सिंह पनि सोही कार्यक्रममा उपस्थित भएर रास्वपामा प्रवेश गरे ।

१० हजार बढीको उपस्थितिमा भएको कार्यक्रमलाई सम्बोधन गर्दै बालेनले आफू भाषण कम गर्ने र काम गर्ने व्यक्ति रहेको बताए । जनकपुरका मानिसहरू अधिकारका लागि काठमाडौं जानुपर्ने बाध्यता अन्त्यका लागि काम गर्ने वाचा गरे। काठमाडौं पशुपति घुम्न वा अन्य पर्यटकीयस्थल घुम्न जानुपर्ने र अधिकारका लागि प्रदेश राजधानी जनकपुरमै लड्नुपर्ने बताए। प्रदेशलाई अझ बलियो बनाउनुपर्ने र यसका लागि काम गर्ने वाचा गरे ।

रास्वपाले संघीयताप्रतिको आफ्नो धारणा स्पष्ट गरेको छैन। २०७९ को चुनावमा बालेन र रास्वपा सभापति रवि लामिछानेले प्रदेश सभा सदस्यको चुनावमा मतदानसमेत गरेका थिएनन्। प्रदेश सभा सदस्य र स्थानीय तहका पदाधिकारी मतदाता रहने लामिछानेले आफूले २०७९ को चुनाव जितेको भए तापनि फेरि उपनिर्वाचन लड्नुपरेको बताए । दोहोर्‍याएर चुनाव जित्दासमेत तत्कालीन सरकारले प्रतिशोध साँधेर आफूलाई काम गर्न नदिएको गुनासो गरे। 'धेरै मत लिएर संसद् जाँदा तत्कालीन सरकारले फसायो । अब सबैभन्दा धेरै मत पाएको पार्टीको सांसदका रूपमा संसद्मा जान चाहन्छु,' उनले भनेका छन् । अर्थात् आगामी २१ फागद्रनको चद्रनावबाट धेरै मत ल्याउने पार्टीका रूपमा रास्वापालाई प्रस्तुत गर्ने रास्वपाको ध्यये छ। यसका लागि बालेनलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गर्दै मधेशबाट पहिलो प्रधानमन्त्री बनाउन लागेको भनेर मत माग्न सुरु गरेका छन्।

सभालाई सम्बोधन गर्दै नेता अमरेशकुमार सिंहले मधेशले नेपालको सबै परिवर्तनमा साथ दिएको तर कहिल्यै मधेशीको सन्तान प्रधानमन्त्री हुन नपाएको बताए । बिपी कोइरालाको राजनीतिबाट प्रभावित भएर आफू राजनीतिमा संलग्न रहेको बताउँदै उनले बिपीमा जस्तै राजनीतिक दृष्टिकोण आफूले बालेनमा पाएको पनि बताए ।

नेताहरूले जेजस्ता तर्क गरे तापनि उनीहरू मधेशको मत तान्ने प्रयासमा छन् । मधेश प्रदेश आफैंमा धेरै निर्वाचन क्षेत्र भएको ठाउँ हो। जहाँका मतदातालाई विश्वासमा लिन सके पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## वैदेशिक रोजगार पृष्ठभूमिका उम्मेदवारहरूको चर्चा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि वैदेशिक रोजगार व्यवसायी पृष्ठभूमिका तीन जना उम्मेदवार बन्ने भएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका दुई पूर्वअध्यक्षसहित नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष गरी वैदेशिक रोजगार व्यवसायी पृष्ठभूमिका तीन जना उम्मेदवार हुने भएका हुन् ।

निर्वाचन आयोगले मंगलबार मनोनयन दर्ता गर्ने मिति तोकेको छ । सोमबार साँझसम्म संघका पूर्वअध्यक्ष एलपी साँवा लिम्बू नेकपा एमालेको तर्फबाट झापा निर्वाचन क्षेत्र नं. ४ तथा पूर्वअध्यक्ष तिलकबहादुर रानाभाट नेपाली कांग्रेसको



तर्फबाट कास्की क्षेत्र नं. १ र एसोसिएसनका पूर्वअध्यक्ष किरण किशोर घिमिरे दाङ क्षेत्र नं. २ मा उम्मेदवार बन्ने निश्चित भएको छ।

लिम्बू दुई पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भइसकेका छन् । रानाभाट र घिमिरे पहिलो पटक निर्वाचनमा पृष्ठ २ मा

### रोजगार समस्या समाधानका लागि नेपाली टोली कोरिया जाँदै

**काठमाडौं/मस-** इपिएस कोरिया शाखाले नेपाली कामदारका समस्या समाधानका लागि छिट्टै नै नेपालबाट उच्चस्तरीय टोली दक्षिण कोरिया जान लागेको बताएको छ। गत पुस १८ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा भएको छलफलको निष्कर्ष कार्यान्वयनमा गएको र त्यसलाई पूर्णरूपमा कार्यान्वयन गर्ने उद्देश्यअनुसार उच्चस्तरीय टोली कोरिया जान लागेको शाखाले जनाएको छ।

भाषा परीक्षा तथा सीप तालिम उत्तीर्णहरूको नाम एचआरडीको रोस्टरमा नचढेको कोरियाली पृष्ठ २ मा

# मनपरी खर्च, बढ्दै बेरुजु

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ५ माघ

सरकारी तथा सार्वजनिक खर्चमा वित्तीय अराजकता मौलाउँदै गएको छ । जसले गर्दा देशको बेरुजुको अवस्था भयावह बन्दै गएको देखिन्छ।

सरकारी तथा सार्वजनिक ढुकुटीबाट औचित्य पुष्टि नगरी खर्च गर्ने प्रवृत्ति बढ्दै गएको महालेखा परीक्षकको कार्यालय प्रतिवेदनमा उल्लेख छ। मनोमानी रूपमा आयोजना तथा कार्यक्रममा अनुदान वितरण गर्नु, उपभोक्ता समितिबाट जथाभावी विकास निर्माणका काम गराइनु र त्यसको फितलो अनुगमन नै बेरुजुको प्रमुख समस्याका रूपमा देखिएको छ।

संघ, प्रदेश र स्थानीय तहले मनोमानी रकमान्तर गरी अनियन्त्रित रूपमा खर्च गर्ने गरेको समेत महालेखाले औंल्याएको छ।

रकमका आधारमा बढी



बेरुजु देखिएको निकाय अर्थ मन्त्रालय हो । महालेखाका अनुसार अर्थ मन्त्रालयमा ७० दशमलव ६१ प्रतिशत बेरुजु छ । त्यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा १३ दशमलव ४८ र रक्षा मन्त्रालयमा ३ दशमलव ५० प्रतिशत बेरुजु रहेको छ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण, परराष्ट्र, ऊर्जा, जलस्रोत तथा सिँचाइ, सहरी विकास, सञ्चार तथा सूचना प्रविधि, उद्योग वाणिज्य तथा आपूर्ति र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बेरुजुमा अगाडि छन्। ३ हजार ९३ वटा संघीय कार्यालयको लेखापरीक्षणमा १ हजार १ सय ५ कार्यालयको मात्रै ३५ दशमलव ७३ प्रतिशत बेरुजु देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

बजेट विनियोजनअनुसार खर्च नगरिँदा वित्तीय बेथिति बढेको प्रतिवेदनको निष्कर्ष छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी ऐनको दफा १० (३) मा बजेट विनियोजन खर्च गर्न सक्ने क्षमताका आधारमा हुनुपर्ने उल्लेख छ।

महालेखाले संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति तथा अन्य संस्थासमेतको गरी ९४ खर्ब ६२ अर्ब ३६ करोड ८१ लाखको लेखापरीक्षण गरेको थियो । महालेखाको प्रारम्भिक प्रतिवेदनबाट ९९ अर्ब २३ करोड ६३ लाख बेरुजु देखिएको हो ।

महालेखका अनुसार ७ अर्ब ६३ करोड ८४ पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
६ माघ २०८२ मंगलबार
20 January 2026 Tuesday

# चीनतर्फका थप नाका खुलाउने तयारी



**काठमाडौं/मस-** सरकारले उत्तरी चीनतर्फका थप नाका खुलाउने गरी गृहकार्य गरेको छ।

सरकारले कोरोला, किमाथाकासहितका नाकाहरु खुलाउनका लागि गृहकार्य थालेको हो।

तातोपानी, रसुवागढी नाकामा खासगरी बर्खायाममा निकै समस्या आउन थालेपछि अन्य वैकल्पिक नाकाहरुमा संरचना तयार गरेर भन्सार बिन्दुहरु विस्तार गर्ने काम भइरहेको भन्सारका विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले बताए।

उत्तरी नाका रसुवा र तातोपानी नाकाहरु अहिलेसम्म रहँदै आएका थिए। रसुवा नाकामा गत असार २६ गतेको बाढीले बन्द भएको थियो। तातोपानीमा पनि पहिरो गएर बाटो अवरुद्ध हुँदा बर्खायाममा उक्त नाका संचालनमा आउन सकेको थिए। वैकल्पिक रुपमा कोरोला नाका संचालनमा ल्याइएको थियो। त्यहाँ कुनै क्वारेनटाइनहरु थिएन तर पनि सो नाकामा आसिकुडा सिस्टम लागू गराएर भन्सारबाट सामान जाँचपास हुने व्यवस्था मिलाइएको थियो।

त्यतिबेला जुत्ताचप्पलदेखि विद्युतीय गाडीहरु ठूलो परिणाममा कोरोला नाका हुँदै व्यवसायीहरुले भित्राएका थिए। सोही नाका हुँदै २ हजार भन्दा बढि इभी गाडीहरु जाँचपास गरेर व्यवसायीहरुले भित्राएका थिए। १ सय १७ वटा कन्टेनरबाट १९ करोडको निकासी भएको थियो।

दशैं लक्षित समानहरु ल्याउन महत्वपूर्ण बनेको कोरोला नाकामा थप सुविधासम्पन्न पूर्वाधारहरु बनाएर संचालनमा ल्याउन लागिएको हो।

तातोपानी र रसुवागढी नाकाको भर हुन छाडेपछि कोरला, किमाथांकासहितमा संरचनाहरु बनाएर पूर्ण रुपमा संचालनमा ल्याउने तयारी भएको महानिर्देशक भण्डारी बताए। महानिर्देशक भण्डारीले भने, 'कोरोला नाकामा भौतिक संरचना बनाउन हामीले बजेट नै छुट्टाएका थियौं। हामीले पूर्वाधार आफैं बनाउन खोजेको चाइनीजहरुले हाम्रो जस्तो संरचना छ,हामीले नै त्यस्तै बनाइदिन्छौं भनेपछि कोरोला नाकामा पूर्वाधार बनाउन छुट्टाएको रकम हामीले फिर्ता गरेका छौं। त्यहाँ सुविधासम्पन्न संरचना बन्दैछ। अन्यत्र नाकामा पनि चाइनीजहरुले सडक संरचना बनेपछि संचालनमा ल्याउन सहयोग गर्छौं भन्नुभएको छ। हामीले आफ्नो संरचना विस्तार गर्ने कुराहरुमा प्रयास भइरहेको छ। किमाथांकामा अहिले पनि १ दिनको बाटो हिँड्नुपर्छ। बाटो पुऱ्याउन बाँकी छ। ओलाङचुङ गोलामा जेनजीहरुले नै नाका खोल्नुपऱ्यो भनिरहेका छन्। त्यहाँ बाटो बन्दैछ।'

उनका अनुसार उत्तरी नाका संचालन गर्न भुगालले अप्ठ्यारो केही पारिरहेपनि पूर्वाधार निर्माणका काम चलिरहेको छ।

महानिर्देशक भण्डारीकाअनुसार जनावरी १ देखि रसुवाको नाका सञ्चालनमा आएको छ। अहिले पनि बाटोहरु वान वे छन्, खुलाउने प्रयास भइरहेको छ। सडक विभागसँग समन्वय भइरहेको छ। तातोपानी पनि संचालनमा आइरहेको छ। ओलाङचुङगोल, किमाथांका लगायतका नाकाहरु खुलाउने प्रयास भइरहेको छ। चीनतर्फ सडक पूर्वाधारहरु बनिसकेका छन् र नेपालतर्फ त्यस्ता पूर्वाधार बनाएर सञ्चालनमा ल्याउने तयारी भइरहेको छ। अहिले यी नाकामा नायव सुब्बा सरहका कर्मचारीहरु खटाएर केही सहजीकरण भइरहेको छ। जस्तो अहिले ओलाङचुगोलामा बाटो पुग्ने क्रममा छ, त्यहाँ पुल हाल्नुपर्ने अवस्था छ। बाटो पुगेर पुल भइसकेपछि नाका सञ्चालनमा आउनेछ।

# दलबीच हुने ध्रुवीकरणबाट देशले निकास पाउँदैन : लिङ्देन



**काठमाडौं/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले राजनीतिक आदर्श तथा सिद्धान्तमा फरक दृष्टिकोण भएका दलबीच हुने ध्रुवीकरणबाट देशले निकास नपाउने बताएका छन्। पार्टी केन्द्रीय कार्यालयमा सोमबार आयोजित पार्टी प्रवेश कार्यक्रममा उनले वैचारिक दृष्टिकोण निकट दलहरुबीच हुने एकता स्वभाविक भए पनि त्यसबाहेकको ध्रुवीकरणले समस्याको समाधान गर्न नसक्ने बताए। अध्यक्ष लिङ्देनले पार्टी संगठनलाई बलियो बनाएर चुनावमा विजयी गराउन नेता तथा कार्यकर्तालाई एकजुट हुन निर्देशन दिए।

अधिवक्ता स्वागत नेपाल र पत्रकार गजेन्द्र बुढाथोकीलाई पार्टीमा स्वागत गर्दै उनले मुलुकमा निषेधको राजनीति गर्न नहुने धारणा राखे। अध्यक्ष लिङ्देनले नवीन समझदारीका लागि सबै राजनीतिक दल र सम्बद्ध पक्षलाई दबाब सिर्जना गर्ने तयारी भइरहेको उल्लेख गरे।

# ब्लड डोनर्स अफ अमेरिका न्युयोर्क च्याप्टरको अध्यक्षमा आचार्य

**न्यूयोर्क, अमेरिका/मस-** नेपाली समुदायभित्र रक्तदानको महत्वबारे सामुदायिक चेतना अभिवृद्धि गरी रक्तदाताको संख्या वृद्धि गर्ने उद्देश्यसहित ब्लड डोनर्स अफ अमेरिका, न्यूयोर्क च्याप्टरको औपचारिक गठन भएको छ।

गत ११ जनवरी २०२६ को दिन गठन भएको सो च्याप्टरको कार्यसमितिको अध्यक्षमा कृष्ण आचार्य चयन भएका छन्। न्यूयोर्क नेपाली समुदायका नियमित रक्तदाता समेत रहेका आचार्यको नेतृत्वमा गठित कार्यसमितिको कार्यकारी उपाध्यक्षमा बेगम पंडित, उपाध्यक्षमा शंकर पौडेल, छिरिङ शेर्पा, र शान्ती जिरेल रहेका छन् भने महासचिवमा रश्मी श्रेष्ठलाई चयन गरिएको छ।

समितिको सचिवमा राजु तामाङ र कोषाध्यक्षमा कमला श्रेष्ठ चयन भएका छन्। च्याप्टरको कार्यकारी सदस्यमा टक रुवाली, बिष्णु राना मगर, चन्द्र नेपाली, बिक्की पुलामी, बुद्ध पौडेल, भिम न्यौपाने, नरेन्द्र सुवेदी र केदार कट्टेललाई चयन गरिएको छ। नेपाली ब्लड डोनर्स अफ अमेरिकाका केन्द्रीय समितिका अध्यक्ष महेश्वर पन्त र उपाध्यक्ष विरोचन नेपालको उपस्थितिमा आयोजित उक्त कार्यक्रममा विभिन्न समुदायका अगुवा, स्वयंसेवक तथा समर्थकहरूको उपस्थिति रहेको थियो। संस्थाको मुख्य उद्देश्य अमेरिकामा रहेका नेपाली रक्तदाताहरूको सुचीलाई संगठित गर्नं, रक्तदानको महत्वबारे सचेतना फैलाउनु तथा मानवीय सेवामा समुदायलाई थप प्रोत्साहित गर्नं रहेको छ।

कार्यक्रममा बोल्दै नेपाली




ब्लड डोनर्स अफ अमेरिकाका केन्द्रीय अध्यक्ष महेश्वर पन्तले स्वेच्छिक रक्तदाताको निरन्तर आवश्यकतामाथि जोड दिए। उनले आपतकालीन अवस्थामा संगठित समुदायिक प्रयासको भूमिका महत्वपूर्ण हुने बताए।

यस्तै न्युयोर्क च्याप्टरका अध्यक्ष आचार्यले ब्लड डोनर्स अफ अमेरिका, न्यूयोर्कले भरपर्दो रक्तदाता सञ्जाल निर्माण गर्ने, जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तथा अस्पताल र रक्त बैंकहरूसँग सहकार्य गर्दै रगतको आवश्यक परेका बिरामीहरूलाई सहयोग गर्ने लक्ष्य लिएको उल्लेख गरे। बैठकमा कार्यकारी उपाध्यक्ष

बेगम पण्डितले नेपाली डायस्पोराभित्र एकता र सेवाभावको अभिवृद्धि गर्दै समुदायमा रक्तदान अभियानमा सक्रिय सहभागिता जनाउन सबैलाई आग्रह गरे।

उनले एक थोपा रगतले पनि जीवन बचाउन सक्ने तथ्यलाई समाजमा फैलाउनुपर्नेमा जोड दिए। कार्यक्रममा उपस्थित सम्पूर्ण सहभागीहरूले संस्थाको महान उद्देश्य हासिल गर्न आगामी दिनमा रक्तदाता दर्ता अभियान, सचेतनामूलक कार्यक्रम तथा आपतकालीन सहयोग समन्वयमा सक्रिय सहयोग गर्ने प्रतिबद्धता जनाए। नेपाली ब्लड डोनर्स अफ अमेरिका, न्यूयोर्कको गठनले अमेरिकी नेपाली समुदायमा स्वास्थ्य उपचारमा रक्तदानलाई ब्यापक बनाऊदै समुदायमा मानवीय सेवाप्रतिको प्रतिबद्धतालाई थप सुदृढ गर्दै आपसी एकता र सहकार्यलाई अझ बलियो बनाउने अपेक्षा गरिएको छ।

## चुनावमय...

सञ्चयमा लाग्दै गर्दा नयाँ दलहरू शक्ति आर्जनको दौडमा तीव्र लागेका छन्। सबै दलहरू यसपटक एक्लाएक्लै चुनाव लड्ने हुँदा कसको शक्ति कति भन्ने परीक्षणमा छन्। खासगरी पुराना दल नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बीच कडा प्रतिस्पर्धा हुने देखिन्छ। पुराना दलका पुराना नेताहरूलाई जसरी पनि हराएरै छाड्ने रास्वपालगायत नयाँ शक्तिहरूले अभियान चलाएका छन्। नयाँ शक्तिलाई साइजमा राखेर आफ्नो वर्चस्व कायम राख्ने प्रयासमा रहेका पुराना दलका शीर्ष नेताहरूले पनि आफ्नो रणनीति तयार गरिरेका छन्। नेकपा एमालेका अध्यक्ष केपी ओली झापा ५ बाट चुनावी मैदानमा उत्रिएसँगै उनलाई हराउन रास्वपाका वरिष्ठ नेता बालेन शाहले उम्मेदवारी दिने पक्का गरेका छन्। उनी काठमाडौं महानगर पालिकाका मेयरबाट राजीनामा दिएर ओलीलाई टक्कर दिन झापा झरेका हुन्। शाहलाई रास्वपाले भावी प्रधानमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरेको छ। एमाले अध्यक्ष ओली पनि चुनाव जितेर प्रधानमन्त्री बन्ने योजनासहित आफ्नो निर्वाचन क्षेत्र गइसकेका छन्।

त्यस्तै, रास्वपाका सभापति रवि लामिछाने चितवन २ बाट उम्मेदवार बन्दै छन्। नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टीलाई पहिलो बनाएर आफू प्रधानमन्त्री बन्ने योजनामा छन्। उनलाई उपसभापति विश्वप्रकाश शर्मासहित नेताहरूले भावी प्रधानमन्त्री घोषण गरिसकेका छन्। उनी काठमाडौं ४ बाटै चुनाव जितेर पार्टीलाई समेत पहिलो बनाएर आगामी सरकारको नेतृत्व गर्ने तयारीस्वरूप टिकट वितरण गर्दै छन्। उता नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डले रुकुमपूर्वबाट निर्वाचन लड्ने पक्का भएको छ। प्रत्येक निर्वाचनमा क्षेत्र फेर्दै आएका प्रचण्ड रुकुमबाट जितेर भावी प्रधानमन्त्री बन्ने योजनासहित तयारी गरेको नेकपाका नेताहरूले दाबी गरेका छन्। राजनीतिप्रति आम वितृष्णा बढ्दै गए पनि त्यसलाई चिरेर यो निर्वाचनले जनताप्रति भरोशा जगाउने नेताहरूले दाबी गरेका छन्। यसपटक दलहरूले सिफरिस गरेका धेरै उम्मेदवारको अनुहार नयाँ छ। त्यसकारण पनि आमरूपमा निर्वाचनप्रति सकारात्मक सन्देश प्रवाह भएको छ। स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रदेश सांसद, मन्त्रीहरूदेखि संघीय मन्त्रीहरू समेत राजीनामा दिएर प्रतिनिधि सभा निर्वाचनको मैदानमा उत्रिएका छन्। यसले भने राजनीतिक नैतिकताको प्रश्न उठेको छ।

## चुनावले...

द्वन्द्व त्यागेर एकाकार हुँदै टिकटको भागबन्डामा छन्। तत्कालीन संस्थापन (शेरबहादुर देउवा) पक्षलेका असन्तुष्ट नेताहरूलाई समेत सभापति गगन थापाले समेटेर टिकट वितरण गरेका छन्। देउवा पक्षका अधिकांश नेताहरूले रूख चुनाव चिह्नबाहेक सोच्न नसकिने भन्दै एकाएक सभापति गगन थापासँगै मिलेर टिकटको लबीमा लागेको कांग्रेसका प्रवक्ता देवराज चालिसेले बताए। उनले मध्यान्हसँग भने, 'पार्टीमा बढीभन्दा बढी परिणाम ल्याउन एकताको विकल्पै छैन,। यसमा नेताहरूबीच धेरै कुरा मिलिसकेको छ। एकताको माध्यम स्थापित गराउँदै सबैलाई समेटेर टिकट वितरणको काम मंगलबार बिहानसम्म सकेर उम्मेदवारी दर्ता गराउँछौं।'

आइतबारसम्म विशेष महाधिवेशनको विधि प्रक्रिया र त्यसबाट आएको नेतृत्वलाई अस्वीकार गर्दै आएका अधिकांश नेताहरू नै उम्मेदवार बनेका छन्। यससँगै कांग्रेस एक ढिक्का हुने तहमा पुगेको छ। निर्वाचनको मुखमा फुटउन्मुख कांग्रेस नेता अन्ततः एकाकार हुँदै गएपछि आमकार्यकर्तामा उत्साह थपिएको नेताहरूले बताए। कांग्रेस देउवा पक्षका नेता मीन विश्वकर्माले पार्टीमा एकताको विकल्प नरहेकाले सबै नेताबीच संवादको माध्यमबाट समस्या समाधान गर्दै चुनावमा एकताबद्ध भएर लाग्ने बताए।

विशेष महाधिवेशनमार्फत नयाँ नेतृत्व चयन गरेको कांग्रेसको विवाद अदालतसम्म पुगेको छ। नियमित महाधिवेशनलाई देउवा पक्षले निर्वाचनपछि सारेसँगै उत्पन्न विवादले विभाजन उन्मुख भए पनि अन्ततः मिलेर जानुको विकल्प रहेन। तत्कालीन महामन्त्री गगन थापा-विश्वप्रकाश शर्मासहितका नेताहरूको अगुवाइमा गरिएको विशेष महाधिवेशनलाई देउवापक्षले अस्वीकार गरेको थियो। यद्यपि निर्वाचन आयोगले विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापासहितको केन्द्रीय समितिलाई आधिकारिकता दिए पनि तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्का नेतृत्वमा सो निर्णय खारेजीको माग गर्दै सर्वोच्च पुगेको थियो। कांग्रेसको यो समूहले निर्वाचन आयोगलाई मनोनयन दर्ताको म्याद थप मागे पनि आयोगले समय नदिएपछि असन्तुष्ट पक्षका नेता मिलेर जान बाध्य भएका हुन्।

## लोकप्रियतावादी...

दिने तयारीमा छन्। त्यस्तै, चितवनस्थित भरतपुर महानगरपालिकाका प्रमुख रेणु दाहाल उम्मेदवारीको अन्तिम तयारीमा छिन्। उनले उम्मेदवारी दिनुअघि मेयरबाट राजीनामा दिने बताएकी छन्। यो निर्वाचनका लागि अहिलेसम्म प्रदेश सभाका १२ जना सांसदले राजीनामा दिइसकेका छन्। तीबाहेक अन्य प्रदेश सांसदहरू समेत राजीनामा दिएर मंगलबार बिहानसम्म प्रतिनिधि सभाको चुनाव लड्ने प्रयासमा छन्।

कोशी प्रदेशसभा सदस्य भक्ति सिटौलाले राजीनामा दिएर झापा-४ मा राप्रपाबाट उम्मेदवार बन्ने तयारीमा छन्। त्यस्तै, कोशीकै एमाले सांसद रेवतीरमण भण्डारी पनि राजीनामा दिएर सुनसरी निर्वाचन क्षेत्र नम्बर २ बाट एमाले उम्मेदवारका लागि आकांक्षी छन्। बागमती प्रदेशबाट अमन मास्के, युवराज दुलाल, कुन्दन काफ्ले र सुनिल केसीले राजीनामा दिए।

मास्केले काठमाडौं निर्वाचन क्षेत्र नम्बर ६ बाट एमाले उम्मेदवार बनेका छन्। तत्कालीन नेकपा माओवादी केन्द्रबाट निर्वाचित प्रदेश सभा सदस्य युवराज दुलाल नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले सिन्धुपाल्चोक निर्वाचन क्षेत्र नम्बर २ बाट उम्मेदवार बनाएको छ। कांग्रेसका प्रदेश सांसद कुन्दन काफ्ले पनि राजीनामा दिएर दोलखाबाट प्रतिनिधि सभा सदस्यको टिकट लगेका छन्। उनी प्रदेशका भौतिकमन्त्री बनिसकेका थिए। त्यस्तै, राप्रपाका सुनिल केसीले राजीनामा दिएर रास्वपाबाट काठमाडौं निर्वाचन क्षेत्र नम्बर २ मा चुनावी प्रतिस्पर्धा गर्दै छन्। मधेस प्रदेश सभाबाट निवर्तमान सभामुख रामचन्द्र मण्डल, पूर्वमुख्यमन्त्री सतीशकुमार सिंह र पूर्वराज्यमन्त्री रहबर अन्सारीले राजीनामा दिएर चुनाव लड्दै छन्। लुम्बिनी प्रदेशबाट प्रदेश सांसद कन्हैया बनिया, धनबहादुर मास्की र धर्मबहादुर चौधरीले राजीनामा दिएका हुन्। बनिया रूपन्देही क्षेत्र नम्बर ४ बाट रास्वपाबाट टिकट लगेका छन्। धनबहादुर मास्की दाङ निर्वाचन क्षेत्र नम्बर ३ बाट र उज्यालो पार्टीबाट चुनाव लड्दै छन्। उनी लुम्बिनी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रीसमेत बनेका थिए। त्यस्तै, सुदूरपश्चिम प्रदेश सांसद डा. तारा जोशीले राजीनामा दिएर रास्वपाबाट निर्वाचन लड्ने तयारी गरेका छन्।

पाँच वर्षका लागि निर्वाचित स्थानीय तहका प्रमुख मात्र होइन, प्रदेश सांसदहरूले कार्यकाल नै पूरा नभई बिचमै राजीनामा दिएर प्रतिनिधि सभा सदस्य निर्वाचन लड्ने प्रतिस्पर्धामा उत्रनुले उनीहरूले जनतामाझ गरेको प्रतिबद्धताप्रति जवाफदेहिताको खिल्ली उडाएका छन्। कानुनी हिसाबले चुनाव लड्न रोकावट नभए पनि उनीहरूमाथि नैतिक राजनीतिको अभाव देखिएको आमटिप्पणी भएको छ। एउटा पदमा निर्वाचित भएर पदावधि नसकिँदै अर्को पदको चुनाव लड्ने होडबाजी र प्रतिस्पर्धाले जनताको मत र विश्वासमाथि विश्वासघात भएको विश्लेषक मुमाराम खनालले बताए। उनले भने, 'जनताबाट तल्लो तहको संरचनामा पाँच वर्ष काम गर्नेगरी निर्वाचित प्रतिनिधि कार्यकाल नै नसकी माथिल्लो तहको चुनावतिर लाग्नु राजनीतिक बेइमानी हो। उनीहरूले जनतालाई धोका दिएका र राजनीतिमा नैतिकता सकिएको सन्देश दिएका छन्।' राजनीतिमा जनसेवाभन्दा पनि पछिल्लोपटक लोकप्रियतावाद हाबी हुँदै गएको उनको टिप्पणी छ।

## मधेशको ...

ठूलो पार्टी बनाउन सकिने उनीहरूको विश्वास छ। यसकै लागि उनीहरूले प्रत्यक्षतर्फको मनोनयन अगाडि जनकपुरमा सभा गरेर आफूहरू मधेशी जनताको पक्षमा रहेको सन्देश दिन खोजेका हुन्।

प्रत्यक्षातर्फको मनोनयन मंगलबार हुँदैन। समानुपातिकतर्फको मनोनयन गत १३ र १४ पुसमा भइसकेको छ। २ सय ७५ सदस्यीय प्रतिनिधि सभामा समानुपातिक तर्फबाट १ सय १० जना र प्रत्यक्ष निर्वाचन प्रणालीतर्फबाट १ सय ६५ जना निर्वाचित हुनेछन्।

## वैदेशिक...

होमिन लागेका हुन्। घिमिरेसँगै सो क्षेत्रमा नेकपा एमालेका महासचिव शंकर पोखरेल पनि उम्मेदवार छन्। नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य निर्मल आचार्य र राष्ट्रिय स्वतन्त्र पार्टीका सहमहामन्त्री विपिनकुमार आचार्य पनि सो क्षेत्रमा उम्मेदवार छन्।

वैदेशिक रोजगार व्यवसायी पृष्ठभूमिका नेपाली कांग्रेसका केन्द्रीय सदस्य अब्दुल सत्तार गोर्खा क्षेत्र नं. २ र संघका अर्का पूर्वअध्यक्ष बलबहादुर तामाङ ताप्लेजुङबाट उम्मेदवार बन्ने चर्चा रहेपनि दुवै निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसले अन्य व्यक्तिलाई नै उम्मेदवार बनाएको छ।

व्यवसायी सत्तारले कतिपय व्यक्तिले आफ्नो नाम चर्चामा ल्याएपनि यसपटक आफूले तयारी नगरेको मध्यान्ह दैनिकलाई बताए।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट धादिङ क्षेत्र नं. २ बाट उम्मेदवार बन्ने सार्वजनिक गरेका पत्रकार अनिल अधिकारीले पार्टीका तर्फबाट नभई स्वतन्त्र उम्मेदवारी दिने तयारीमा रहेको बताए। अधिकारीले उम्मेदवारी दिने प्रचार गरेको धादिङ क्षेत्र नं. २ मा राष्ट्रिय स्वतन्त्र पार्टीले पार्टीका उपाध्यक्ष तथा पूर्वश्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याललाई उम्मेदवार बनाएको छ। अर्याल पहिलो पटक प्रत्यक्ष निर्वाचनमा जान लागेका हुन्। यसअघि उनी समानुपातिक सांसद थिए।

## रोजगार...

रोजगारदाताले कामदार नलैजाने खतरा बढेको भन्दै युवाहरू मंगलबारदेखि पुनः आन्दोलनमा उत्रिने तयारीमा छन्। शाखाले विभिन्न माग राखेका पक्षहरूलाई संयमित रहेर आन्दोलनका कार्यक्रमहरू नगरी प्रतीक्षा गर्न आग्रह गरेको छ।

शाखाका निर्देशक टीकाराम ढकालले सोमबार विज्ञप्ति जारी गर्दै नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच भएको रोजगार अनुमति प्रणाली सम्झौता भएपश्चात निरन्तर रूपमा नेपाली कामदार गएको र चालु आर्थिक वर्षको पुस मसान्तसम्म विभिन्न क्षेत्रमा गरी ४ हजार ५ सय ७ जना नेपाली श्रमिक दक्षिण कोरिया गएको बताएका छन्।

गत पुस १८ गते आन्दोलन पक्षका प्रतिनिधिहरू र श्रम मन्त्रालयको टिमबीच भएको सहमति अनुसार नेपाल सरकारबाट कोरियामा समस्या समाधानका लागि कूटनीतिक पहल भई छानबिन समितिको प्रतिवेदन अन्तिम चरणमा पुगेको शाखाले बताएको छ। नेपाली प्रतिनिधिमण्डल दक्षिण कोरिया जानुअघि आन्दोलनमा उत्रिएकाहरूसँग पुनः छलफल गर्ने भन्दै शाखाले सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी प्रतिनिधिमूलक ढंगबाट बढीमा १० जनाको नाम पठाउन भनेको छ।

करिब दुई वर्षादेखि रोजगारीका लागि दक्षिण कोरिया जान नपाएका युवाहरू केही दिनअघि ललितपुरको ग्वार्कोस्थित इपिएस कार्यालय घेराउ गर्न पुगेका थिए।

वैदेशिक रोजगारीका लागि इपिएस प्रणालीबाट कोरिया जान तयार गरिएको रोस्टरको संख्याको सीमाले रोजगारीका लागि भाषा परीक्षा पास गरेका, तर रोजगारी प्राप्त गर्न नसकेका उम्मेदवारहरू समेत रोजगारी पाउने अवसरवाट वञ्चित हुने देखाएको भाषा परीक्षा तथा सीप तालिम उत्तीर्णहरूको निष्कर्ष छ। उक्त निष्कर्षपछि रोस्टरको मान्य अवधि थप गर्ने विषयमा कोरिया सरकारसमक्ष कूटनीतिकका माध्यमबाट अनुरोध गर्ने मन्त्रालयले निर्णय गरेको थियो।

## मनपरी...

लाख कुल बेरुजुको ७ दशमलव ७० प्रतिशत सम्परीक्षण गराएबाट ९१ अर्ब ५९ करोड ७९ लाख बेरुजु फछ्र्योट हुन बाँकी रहेको छ। यो वर्षसम्म फछ्र्योट गर्न बाँकी कुल बेरुजु ७ खर्ब ३३ अर्ब १९ करोड ९ लाख रहेको लेखा महालेखाले जनाएको छ।

### कर्मचारी/पदाधिकारीबाट असुल्नुपर्ने बेरूजु ३० अर्ब १२ करोड ५१ लाख

अर्थ मन्त्रालय र मातहत निकायद्वारा ४ खर्ब ३५ अर्ब २२ करोड राजस्व तथा भाखा नाघेको ऋण र ब्याज असुल गर्न बाँकी रहेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ बमोजिम बेरुजु फछ्र्योट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने र बेरुजु फछ्र्योट हुन नसकेमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले फछ्र्योट गर्नु गराउनुपर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ३७ मा औंल्याइएको बेरुजुका सम्बन्धमा ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्र्योट गर्ने र फछ्र्योट नगरेमा दफा ३७ (४) बमोजिम लेखा उत्तरदायी अधिकृत र दफा ३७(६) बमोजिम विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। सोही ऐनको दफा ५० मा बेरुजु फछ्र्योट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ।

१० मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजुको ९७ दशमलव ९९ प्रतिशत र अन्यको २ दशमलव १ प्रतिशत बेरुजु रहेको छ।

प्रदेश सरकारतर्फ लेखापरीक्षण अंकको तुलनामा १ दशमलव ३६ प्रतिशत बेरुजु कायम भएकोमा सबैभन्दा बढी मधेश प्रदेशको २ दशमलव ५७ प्रतिशत र सबैभन्दा घटी बागमती प्रदेशको शन्य दशमलव ८२ प्रतिशत रहेको महालेखाले जनाएको छ। स्थानीय तहतर्फ लेखापरीक्षण अंकको तुलनामा २ दशमलव २६ प्रतिशत बेरुजु छ। यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरुजु हुने स्थानीय तह ६ सय ९२ र ५ देखि १५ प्रतिशतसम्म बेरुजु हुने ६८ र १५ प्रतिशतभन्दा बढी बेरुजु हुने एक रहेका छन्।

३ हजार ९३ संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा १ हजार १ सय ५ कार्यालय (३५ दशमलव ७३ प्रतिशत)मा उल्लेख्य बेरुजु नदेखिएको महालेखाले जनाएको छ। त्यस्तै, प्रदेश सरकारी कार्यालयतर्फ १ हजार १ सय ६५ को लेखापरीक्षण गरेकामा ३ सय ३३ कार्यालय (२८ दशमलव ५८ प्रतिशत)मा उल्लेख्य बेरुजु देखिएको छैन।

गत वर्ष १४ अर्ब ४८ करोड ४१ लाख असुल भएको महालेखाले जनाएको छ। समयमा काम सम्पन्न नहुने र पेस्की पनि समयमा निकास नहुने भएका कारण बेरुजु बढ्दै गएको देखिएको कोष तथा लेखा नियन्त्रक कार्यालयका कोष नियन्त्रक शंकरदत्त भट्ट बताउँछन्। 'समयमा काम सम्पन्न भएको हुँदैन, अडिट गर्ने समयमा प्रमाण गर्ने कागजात पुग्दैन,' उनले भने, 'त्यसकारण पनि बेरुजु देखिएको हो।' बेरुजुसँग सम्बन्धित ऐन नियम, कानुनहरूको पालना गरेर काम गर्दै गएमा बेरुजु घट्दै जाने उनले बताए।

खर्च भएको रकमको ३ प्रतिशतभन्दा बेरुजु देखिएमा गम्भीर विषय बन्न सक्ने उनले बताए। 'बेरुजु रकम घटाउन र बेरुजु हुन नदिन समयमा नै काम सक्नुपर्ने र पेस्की लिइसकेको हुनुपर्छ,' उनले भने, 'कर्मचारीमा पनि इमानदारिता हुनुपर्छ।'

बेरुजु देखिएका कर्मचारीउपर असुल, कारबाही र दण्डहीनताका कारण बढ्दै गएको सुशासनविद् डा. दीपेश घिमिरे बताउँछन्। 'देशको संसद् प्रणाली नै साह्रै कमजोर भयो,' उनले भने, 'महालेखा परीक्षक कार्यालयले बुझाएको प्रतिवेदनमा छानबिन गर्नुपर्ने, कारबाही तथा असुलउपर गर्नुपर्ने हो तर त्यस्तो देखिँदैन।'

बेरुजु घटाउन नीतिगत सुधार आवश्यक रहेको उनको भनाइ छ। 'बेरुजु ऐन, कार्यविधि र आर्थिक नीतिगत समय सान्दर्भिक भएनन् कि ?,' उनले भने, 'यस विषयमा वहस गर्नुपर्छ।' सबै बेरुजुलाई भ्रष्टाचारसँग जोड्न नमिल्ने उनी बताउँछन्। 'सबै बेरुजु भ्रष्टाचार होइनन्,' उनले भने, 'बेरुजुमा भ्रष्टाचार हुन सक्छन्।'

# 'देशले स्थायित्व खोजिरहेको छ'



**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले सबै समुदायका मौलिक पर्व, भाषा, संस्कृति र पहिचानको संरक्षण तथा प्रवर्धनप्रति नेपाल सरकार सदैव प्रतिबद्ध रहेको विश्वास दिलाएकी छन्।

सोनाम ल्होछारका अवसरमा नेपाल तामाङ घेदुङद्वारा सोमबार टुँडिखेलमा आयोजित 'तामाङ सांस्कृतिक महोत्सव तथा शुभकामना आदान-प्रदान कार्यक्रम'लाई सम्बोधन गर्दै उनले सबै जातजातिका मौलिक परम्परा, संस्कृति र जीवन पद्धतिको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नु राज्यको दायित्व भएको बताइन्।

आजको समय देशले शान्ति, सुव्यवस्था, सहअस्तित्व र स्थायित्व खोजिरहेको समय भएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले विविधता बीचको सम्मान, सहिष्णुता र आपसी विश्वासले मात्रै हामीलाई दिगो स्थिरतातर्फ लैजाने बताइन्।

सोनाम ल्होछारजस्ता पर्वहरूले आफ्नोपन, मौलिकता र राष्ट्रिय एकताको भाव सिकाउने जनाउँदै प्रधानमन्त्रीले यसबाट हाम्रो सांस्कृतिक पहिचान विश्वमञ्चमा पुगिरहेको बताइन्।

रैथाने ज्ञान, सीप र संस्कृतिको संरक्षण गर्दै नयाँ पुस्तालाई हस्तान्तरण गर्दै जानुपर्नेमा जोड दिँदै उनले ल्होछारसँग जोडिएको पञ्चतत्व र स्वस्थ जीवन दर्शनले तामाङ समुदायको मौलिक ज्ञान, विज्ञान र जीवन पद्धतिको गहिरो पक्षलाई उजागर गर्ने बताइन्।

कार्यक्रममा तामाङ समुदायका व्यक्तिले आ-आफ्नो वेशभूषासहितको पहिरनका साथ सांस्कृतिक प्रस्तुति दिइएको थियो।

# वीर अस्पतालमा आकस्मिक कक्ष विस्तार



**काठमाडौं/मस–** वीर अस्पतालमा आकस्मिक कक्ष (शय्या) विस्तार गरिएको छ।

अस्पतालका निर्देशक डा.दिलीप शर्माले विरामीको चापलाई ध्यानमा राखेर २५ वटा आकस्मिक कक्ष विस्तार गरिएको जानकारी दिए।

यसअघि तीस आकस्मिक कक्षबाट अस्पताल सञ्चालनमा थियो।

'अस्पतालमा एउटै कक्षमा दुई दुई बिरामी राखेर उपचार गर्नुपर्ने बाध्यता थियो,' उनले भने, 'बिरामीको उपचारलाई ध्यान दिएर हामीले आकस्मिक कक्ष थप गरेका हौं। अझै २० आकस्मिक कक्ष चाँडै नै विस्तार हुने छ।'

उक्त आकस्मिक कक्षमा बिरामीका कुरुवालाई खाना पकाउने व्यवस्था समेत गरिएको छ। अस्पतालका निर्देशक डा.शर्माका अनुसार उक्त आकस्मिक कक्ष स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अस्पतालको आन्तरिक स्रोतबाट सात करोडको लागतमा निर्माण गरिएको हो।

अस्पतालमा अहिले दैनिक तीन हजारभन्दा बढी बिरामी उपचार गर्न आउने गरेका छन्। यस्तै अस्पतालमा दैनिक ७० देखि ८० साना ठूला शल्यक्रिया गर्ने गरिएको छ। अस्पतालमा हाल ८ सय ५० शय्या र १ सय १० सघन उपचार कक्ष (आइसियु) रहेका छन्।

# प्रतिनिधि सभा निर्वाचन : आज मनोनयनपत्र दर्ता



**काठमाडौं/मस–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आज मनोनयनपत्र दर्ता गरिँदैछ।

देशभरका ८८ मुख्य निर्वाचन अधिकृतका कार्यालय र ८८ निर्वाचन अधिकृतका कार्यालयमा मनोनयन दर्ता गरिने निर्वाचन आयोगले जनाएको छ। आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले यसपटक आयोगले आचारसंहितामै उल्लेख गरेर उम्मेदवारले सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था गरेको र उक्त विवरण खामबन्दी गरी बुझाउनुपर्ने बताए। 'आचारसंहिता पालना गर्छु, कानुनले अयोग्य ठहराएमा उम्मेदवारी रद्द हुँदा पनि मञ्जुर छ, निर्वाचन कानुनसम्बन्धी सबै व्यवस्थाको पालना गर्छु, जस्ता विषय उम्मेदवारले स्वघोषणामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने छ', सहायक प्रवक्ता जिसीले भने।

### उम्मेदवारीसँगै १३ प्रकारका कागजात पेस गर्नुपर्ने

उम्मेदवारले मनोनयनपत्र दर्ता गर्दा १३ प्रकारका कागजात संलग्न गर्नुपर्ने व्यवस्था गरिएको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि आज हुने मनोनयनपत्र दर्ता गर्दा उम्मेदवारको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि, कुनै स्थानीय तहको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा आवश्यक पर्ने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए।

उम्मेदवारी दिँदा संघीय, प्रदेश वा स्थानीय सरकार तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व अथवा नियन्त्रणमा रहेको वा तीनै तहका सरकारबाट अनुदान प्राप्त संस्थाबाट पारिश्रमिक पाउने गरी बहाल रहेको भए त्यस्तो पदबाट राजीनामा दिएको निस्सा पनि उम्मेदवारले पेस गर्नुपर्ने उनले बताए। उम्मेदवारले प्रतिनिधि तोकी मनोनयनपत्र दर्ता गर्ने भएमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २४ सँग सम्बन्धित अनुसूची ११ बमोजिमको प्रतिनिधि मुकरर गरेको फारम भर्नुपर्नेछ।

यसैगरी प्रचलित कानुनबमोजिम योग्यता पुगेको व्यक्तिले मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ८ बमोजिम सोही निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका एक जना प्रस्तावक र एक जना समर्थक भई विवरण भरी सहीछाप गरेको मनोनयनपत्र पनि पेस गर्नुपर्ने आयोगले जनाएको छ।

दलको तर्फबाट उम्मेदवारी दिएको भए मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको पदाधिकारीले प्रदान गरेको प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची ७ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र आवश्यक पर्नेछ। एकल चुनाव चिह्न लिई संयुक्त रूपमा निर्वाचनमा सहभागी दलहरूको हकमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची ८ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र पनि समावेश गर्नुपर्ने आयोगले जनाएको छ।

निर्वाचन अधिकृतको कार्यालयमा रु १० हजार धरौटी जम्मा गरेको रसिद वा भौचर पनि पेस गर्नुपर्नेछ। महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा भने धरौटी रकममा ५० प्रतिशत छुट हुने आयोगका प्रवक्ता भट्टराईले जानकारी दिए।

विपन्नका हकमा स्थानीय तहले आर्थिक रूपमा विपन्न भनी सिफारिस गरेको पत्र पनि समावेश गर्नुपर्नेछ।

उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २१ सँग सम्बन्धित अनुसूची ९ बमोजिमको ढाँचामा आफ्नो चल, अचल सम्पत्ति, बैंक तथा वित्तीय संस्थामा रहेको खाता, धितोपत्र, सेयर, ऋणपत्र, कसैलाई ऋण दिएको वा लिएको भए त्यसको समेत सम्पूर्ण विवरण उल्लेख गरी सिलबन्दी गरेको सम्पत्ति विवरण पनि पेस गर्नुपर्ने जनाइएको छ। निर्वाचन निर्देशिका, २०८२ को दफा २२ सँग सम्बन्धित अनुसूची १० बमोजिम भरिएको वैयक्तिक विवरण फारम, निर्वाचित, मनोनीत वा नियुक्त भएको निकायबाट कुनै पनि प्रकारको पेस्की लिएको भए फछ्र्यौट भएको ब्यहोराको निस्सासमेत संलग्न गर्नुपर्नेछ।

लेखापरीक्षणबाट कुनै पनि उम्मेदवारका नाममा किटानीसाथ असुलउपर गर्नुपर्ने भनी कायम भएको बेरुजु भए फछ्र्यौट गरेको निस्सा र निर्वाचन आचारसंहिता, २०८२ को अनुसूची ३ बमोजिमको प्रतिबद्धता पत्र पनि समावेश गर्नुपर्ने आयोगले आजै जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

### यस्तो छ निर्वाचन कार्यक्रम

आज बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म १६५ वटै निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारले मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम रहेको छ। बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ। माघ ७ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयनपत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि निर्धारण गरिएको छ भने माघ ७ गते दिउँसो ३ बजेदेखि माघ ८ गते बेलुका ५ बजेसम्म मनोनयनपत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी त्यसै दिन बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिने आयोगले जनाएको छ।

# ताप्लेजुङवासीको वनभोज महोत्सव




काठमाडौं/मस- काठमाडौंका विभिन्न पेशा व्यवसाय सञ्चालन गरी बसोवास गर्दै आएका ताप्लेजुङवासीले बृहत् वनभोज कार्यक्रम आयोजना गर्ने भएका छन्।

ताप्लेजुङ सरोकार केन्द्र, काठमाडौंले माघ १० गते शनिबार कीर्तिपुरको चोभारस्थित हुप्पील्यान्डमा १४औं तापलेजुङ वनभोज कार्यक्रम आयोजना गर्न लागेको हो।

ताप्लेजुङवासीहरूलाई एउटै साझा मञ्चमा एकत्रित गराउँदै सामाजिक एकता, भावनात्मक सम्बन्ध, सांस्कृतिक निरन्तरता तथा सामूहिक उत्तरदायित्वको भावना विकास गर्ने लक्षसहित वनभोज कार्यक्रम आयोजना गर्न लागिएको ताप्लेजुङ सरोकार केन्द्र, काठमाडौंका अध्यक्ष बलबहादुर तामाङले बताए।

सोमबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष तामाङले महोत्सवका रूपमा आयोजना गर्न लागिएको वनभोज एक महत्वपूर्ण सामाजिक अभियानका रूपमा स्थापित हुँदै आएको बताउँदै आगामी शुक्रबार चोभारमा आयोजना हुने वनभोजमा करिब ५ हजार जिल्लावासी सहभागी हुने बताए।

## शे–फोक्सुण्डो गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८२/१०/०६**

यस कार्यालयबाट मिति २०८२।०८।१५ गते हिमालय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम तपसिलमा उल्लेखित कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही भइ मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम ऐ. ऐनको दफा ४७ को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| क्र.सं. | बोलपत्र/ठेक्का/प्याकेज नं. | आयोजनाको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क.सहित) |
|---|---|---|---|---|
| 1 | SPRM/LISP/NCB/ DOP/ WORKS/2082-083-11 | Ning Tiling Brihat Khanepani Nirman SPRM Ward. No. 2 | Pema Caravan Construction and Suppliers Pvt. Ltd. Dolpa | 7922909.37 |

प्रमुख प्रशासकीय अधिकृत

## साइप्रसमा रोजगार

कम्पनीः CAS RECRUITMENT GROUP — शहरः LARNACA
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ — चलानी नं.: ६०२४५२५१ — LT. No.:331487 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Assistant | 2 | 0 | सम्बन्धित काममा दक्ष | 600 | १,००,९७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 3 | 0 | | 700 | १,१७,८०३ | | | | | | | |
| 3. | Cashier | 2 | 0 | | 600 | १,००,९७४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १३ गते (27 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**कर्म इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.**
Lic. No.: 643/063/64
पो.ब.नं. २१८४४, ज्ञानेश्वर, काठमाडौं, नेपाल सम्पर्क नं. ४५२४१५२, ४५१२३५६
email:office@karmaemployment.com, website:www.karmaemployment.com

## युएईमा रोजगार

कम्पनी : DREAM FALCON TECHNICAL SERVICES — शहर : UAE, DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०६/२४ — चलानी नं.: ६०२४५८९७ — LT. No.:332193 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Carpenter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steal Fixer | 3 | 0 | | 1500 | ५९,२५० | | | | | | | |
| 3. | Stone Mason | 4 | 0 | | 1500 | ५९,२५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १३ गते (27 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**AASTHA International Employment Pvt. Ltd.**
आस्था ईनटरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.
Samakhusi-26, Kathmandu, Nepal
Contact No.: 01 4557947, 9802358233
E-mail: aasthamanpower@gmail.com
Web: www.asthamanpower.com
Goverment LIC No: 718/064/65

## नेपाल सरकार
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## डडेल्धुरा अस्पताल
डडेल्धुरा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८२/१०/०६ गते)**

यस कार्यालयको मिति २०८२/०८/१६ गतेमा प्रकाशित सूचना बमोजिम Hospital Equipment's (Re-) आपूर्ति गर्ने कार्यका लागि पेश भएका बोलपत्रहरु मध्येबाट तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतीको लागि छनौट गरिएको हुँदा, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल :

| ठेक्का नं. | विवरण | फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| MoHP/DH/GOODS/ NCB/01/2082-83 | Supply, Delivery, Installation and Commissioning of Hospital Equipment's (Re-) | M.B. Meditech Pvt. Ltd. Itahari, Sunsari. | १,१३,२७,४३३।६३ |

प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट

## हिमाली गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

धुलाचौर, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**मिति : २०८२/१०/०६**

यस कार्यालयको **आ.ब. २०८२/०८३ को बोलपत्र** आव्हान (ई-बिड) को सूचना अनुसार रितपूर्वक पर्न आएका बोलपत्रहरु मध्ये तपशिल वमोजिमको बोलपत्रहरुको मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्विकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाइ जानकारीको लागि यो सूचनाद्वारा जानकारी गराइन्छ।

तपशिल

| क्र. स. | ठेक्का न. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम | कवोल अंक (भ्याट र PS बाहेक) |
|---|---|---|---|---|
| 1 | HRM/NCB/WORKS/ ROADS/03/2082/083 | Dhulachaur to Dharedhunga Road Upgrading Work, Ward No. 04 Phaiti | Geotech Space and Construction Private Limited | Nrs. 13,49,122.99 |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
www.madhyanhadaily.com
६ माघ २०८२ मंगलबार
20 January 2026 Tuesday

सम्पादकीय

## अठोटले दिएको प्रेरणा

जीवनमा सबैभन्दा ठुलो बाधा शरीर होइन, मन हो भन्ने सन्देश हरि बुढामगरले विश्वका सातै महादेशका सर्वोच्च शिखर चुमेर प्रमाणित गरेका छन् । दुवै खुट्टा गुमाइसकेका एक व्यक्तिले संसारका अग्ला हिमालहरू चढ्नु असम्भव ठान्नेहरूका लागि उनको यात्राले जवाफ दिएको छ– जीवनमा हरेक कुरा सम्भव छ । तर सपनासँगै अठोट पनि बलियो हुनुपर्छ । बेलायती सेनामा हुँदा अफगानिस्तानको युद्धमा विस्फोट परेर बुढामगर दुवै खुट्टा गुमाएका थिए । धेरैका लागि त्यही क्षण जीवनको अन्त्यजस्तै हुन सक्थ्यो । तर बुढामगरका लागि त्यो अन्त्य होइन, नयाँ संघर्षको सुरूवात बन्यो । शारीरिक अपांगतालाई उनका लागि कहिल्यै कमजोरी बनेन, बरू साहस र संकल्पको स्रोत बन्यो । खुट्टा नभए पनि उनी हिँडे, दौडे र अन्ततः संसारका अग्ला शिखरहरू चुमे ।

'सेभेन समिट' यात्रा आफैँमा व्यक्तिगत उपलब्धि मात्र होइन । यसले अपांगता भएका व्यक्तिहरूका लागि आत्मविश्वासको उज्यालो देखाएको छ । अपांगता कमजोरी होइन, फरक क्षमता मात्र हो भन्ने सन्देश उनले दिएका छन् । अहिले पनि हाम्रो समाजमा अपांगता भएका व्यक्तिहरू अपहेलना र विभेदमा परेका छन् । उनीहरू निराशामा बाँचेका छन् । आफ्नै सपना बिर्सेर बसेका विश्वभरका भिन्न क्षमताका व्यक्तिका लागि रोल्पा लिवाङ्का बुढामगर प्रेरणा बनेका छन् । जीवनका चुनौतीहरू देखेर सपना सानो बनाउने, परिस्थितिलाई दोष दिने र हार मान्ने प्रवृत्ति हामीमा बढ्दै गएको छ । त्यसले समाजमा निराशा उत्पन्न गराएको छ । आफूले चाहेजस्तो नहुनासाथ युवाहरू निराशमा डुब्छन् । तर हरि बुढामगरको यात्रा भन्छ—सपना जीवित राख्न साहस चाहिन्छ । र त्यो साहस कुनै शारीरिक अवस्थामा होइन, मनभित्र जन्मिन्छ ।

करिब ६ वर्ष लगाएर, कठोर प्रशिक्षण र अपार संघर्षपछि बुढामगरले यो उपलब्धि हासिल गरेका हुन् । पैसा, नाम वा व्यक्तिगत यशका लागि नभई अपांगता सचेतनाका लागि हिमाल चढ्ने संकल्प आफैँमा प्रेरणाको स्रोत बनेको छ । समाज, राज्य र संस्थाहरूले अपांगताप्रति राख्दै आएको संकुचित दृष्टिकोण परिवर्तन नगरी समावेशी विकास सम्भव छैन भन्ने सन्देश पनि उनको यात्राले दिएको छ । यो सफलताले भन्छ– हामीसँग सपना छ भने, समर्पण छ भने र हार नमान्ने अठोट छ भने, जीवनका कुनै पनि पहाड अग्ला हुँदैनन् ।

# युवा उद्यमशीलता र आर्थिक रूपान्तरण

**उद्यमशीलता र स्टार्टअप कर्जा युवाका लागि केवल आर्थिक साधन होइन, आत्मविश्वास, नवप्रवर्तन र स्वदेशमै भविष्य निर्माण गर्ने आधार हो ।**

अग्रलेख



● गम्भीर बहादुर हाडा

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ ले १६ देखि ४० वर्ष उमेर समूहका व्यक्तिलाई 'युवा' को रूपमा परिभाषित गरेको छ भने संयुक्त राष्ट्रसंघले १५ देखि २४ वर्ष उमेर समूहलाई युवा मानेको छ । परिभाषामा केही भिन्नता भए तापनि युवा राष्ट्र निर्माण, सामाजिक रूपान्तरण र आर्थिक विकासका प्रमुख संवाहक हुन् भन्ने तथ्य विश्वव्यापी रूपमा स्थापित छ । नेपालको सन्दर्भमा हेर्दा, युवाको जनसांख्यिकीय बाहुल्यता उल्लेखनीय छ । राष्ट्रिय जनगणना २०७८ अनुसार १६ देखि ४० वर्ष उमेर समूहका युवाहरू कुल जनसंख्याको ४२.५६ प्रतिशत छन् भने १५ देखि ६४ वर्ष उमेर समूह सक्रिय जनसंख्याको करिब ६५ प्रतिशत रहेको छ । यसले नेपाललाई ऐतिहासिक 'जनसांख्यिकीय लाभ' प्राप्त भएको अवस्था देखाउँछ, जहाँ युवा शक्तिको सही उपयोगमार्फत आर्थिक समृद्धितर्फ फड्को मार्न सकिने अवसर विद्यमान छ ।

यस्तो ऊर्जावान जनसंख्यालाई उद्यमशीलता र स्टार्टअप संस्कृतिसँग जोड्न सकिएमा देशभित्रै रोजगारी सिर्जना, आत्मनिर्भरता र दिगो आर्थिक विकास सम्भव छ । संविधान, आवधिक योजना तथा जनआकांक्षाले पनि उत्पादनमूलक रोजगारी र समावेशी विकासमा जोड दिएको छ । तर, यसका लागि नीति मात्र होइन, प्रभावकारी कार्यान्वयन, वित्तीय पहुँच र लगानीमैत्री वातावरण अपरिहार्य छ ।

युवा स्वभावतः सिर्जनशील, जोखिम लिन सक्ने र नयाँ प्रविधि तथा विचारप्रति खुला हुन्छन् । सूचना प्रविधि, कृषि प्रविधि, शिक्षा, स्वास्थ्य, हरित ऊर्जा, सिर्जनात्मक उद्योग र पर्यटनजस्ता क्षेत्रमा युवाले नवप्रवर्तनमार्फत नयाँ व्यवसायिक मोडेल विकास गर्न सक्छन् । डिजिटल भुक्तानी प्रणाली, इ-कमर्स, प्रविधिमा आधारित कृषि र स्मार्ट पर्यटन सेवाले अर्थतन्त्रमा नयाँ गति दिएको उदाहरण नेपालमै देखिन थालेका छन् । यस्ता उद्यमहरू केवल स्वरोजगारमा सीमित नहुने, भविष्यका रोजगारदाता बन्ने सम्भावना पनि बोकेका छन् ।

चौथो औद्योगिक क्रान्तिको सन्दर्भमा प्रविधि र डिजिटल रूपान्तरण आर्थिक विकासका मुख्य आधार बनेका छन् । इन्टरनेट, क्लाउड कम्प्युटिङ, कृत्रिम बुद्धिमत्ता र डिजिटल प्लेटफर्मको प्रयोगमार्फत युवाले शिक्षा, स्वास्थ्य, कृषि, वित्तीय सेवा र सरकारी सेवामा पहुँच विस्तार गर्न सक्छन् । दूरदराजमा इ-लर्निङ, टेलिमेडिसिन, इ-बैंकिङ तथा डिजिटल मार्केटिङको प्रयोगले आर्थिक गतिविधि मात्र बढाएको छैन, असमानता घटाउन पनि योगदान पुर्‍याएको छ । डिजिटल अर्थतन्त्रको विस्तारमा युवा अग्रणी भूमिका खेल्न सक्षम छन् ।

राष्ट्रिय रोजगार नीति, २०७१ ले समावेशी, दिगो र उत्पादनशील रोजगारी प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । युवा उद्यमशीलता, लघु तथा मझौला उद्यम विकासका कार्यक्रमहरू सञ्चालनमा आए पनि कार्यान्वयन पक्ष कमजोर देखिएको छ । नीति र व्यवहारबीचको दूरी, सीपयुक्त जनशक्तिको कमी, वित्तीय स्रोतको अभाव र लगानीमैत्री वातावरण नहुनु प्रमुख चुनौती हुन् । नेपालको आर्थिक संरचना अझै कृषि-आधारित भए पनि यस क्षेत्रले पर्याप्त रोजगारी सिर्जना गर्न सकेको छैन र लुकाइएको बेरोजगारी उच्च छ ।

राष्ट्रिय तथ्यांक कार्यालयको चौथो नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२३ अनुसार बेरोजगारी दर १२.६ प्रतिशत पुगेको छ, जुन २०१७/१८ मा ११.४ प्रतिशत थियो । विशेषगरी १५ देखि २४ वर्ष उमेर




समूहमा बेरोजगारी दर २२.७ प्रतिशत रहेको छ, जसले युवाका लागि रोजगारीको अवस्था अझै चुनौतीपूर्ण रहेको देखाउँछ । कुल जनसंख्याको ३२.४ प्रतिशत मात्र रोजगारीमा रहेको र श्रमशक्ति सहभागिता दर ३७.१ प्रतिशतमा झरेको तथ्यले श्रम बजारको सुस्तता उजागर गर्छ ।

यसै सन्दर्भमा राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन २०८१ ले सुरक्षित वैदेशिक रोजगार, सीप विकास, सामाजिक सुरक्षा, महिला तथा सीमान्तकृत समुदायको सहभागिता र अनौपचारिक क्षेत्रको औपचारिकीकरणमा जोड दिएको छ । साथै, महिला र युवा उद्यमशीलता प्रवर्द्धनका लागि विभिन्न नीति तथा कार्यक्रम सञ्चालनमा छन् । राष्ट्रिय युवा नीति, २०७२ ले उद्यमशीलता विकास, स्टार्टअप अनुदान र सहुलियतपूर्ण कर्जालाई प्राथमिकतामा राखेको छ ।

स्टार्टअप कर्जाप्रति युवाको आकर्षण बढ्दो छ । चालु आर्थिक वर्ष २०८२/८३ मा मात्र १० हजारभन्दा बढीले स्टार्टअप कर्जाका लागि आवेदन दिएका छन् । औद्योगिक व्यवसाय विकास प्रतिष्ठानमार्फत ७३ करोड रुपैयाँको कोष स्थापना भई न्यूनतम पाँच लाखदेखि अधिकतम २० लाख रुपैयाँसम्म कर्जा प्रवाह गर्ने तयारी गरिएको छ । पछिल्ला वर्षहरूमा कर्जा असुली सन्तोषजनक रहेकाले बीमा कोषमा छुट्याइने रकम घटाइएको छ । यसले युवामा उद्यमप्रति बढ्दो विश्वास झल्काउँछ ।

युवा उद्यम कार्यक्रममार्फत बिनाधितो, बिनाब्याज ऋण, सीप तालिम, वित्तीय साक्षरता र वस्तुगत सहयोग प्रदान गरिएको छ । सयौं युवा समूह र व्यक्तिगत उद्यमी लाभान्वित भएका छन् । तर, लक्षित समूहको सही पहिचान, स्थानीय तहसँग समन्वय, नियमित अनुगमन, बजार पहुँच, सामूहिक कार्य संस्कृतिको अभाव र अनुदानमुखी सोच जस्ता चुनौतीहरू अझै कायम छन् । राज्य पुनर्संरचनापछि संस्थागत

> ***ऊर्जावान् जनसंख्यालाई उद्यमशीलता र स्टार्टअप संस्कृतिसँग जोड्न सकिएमा देशभित्रै रोजगारी सिर्जना, आत्मनिर्भरता र दिगो आर्थिक विकास सम्भव छ । संविधान, आवधिक योजना तथा जनआकांक्षाले पनि उत्पादनमूलक रोजगारी र समावेशी विकासमा जोड दिएको छ ।***

संरचना कमजोर हुँदा ऋण प्रवाह र असुलीमा कठिनाइ भएको छ ।

यी समस्याको समाधानका लागि उद्यमशीलतासम्बन्धी सबै सेवा एकद्वार प्रणालीमार्फत प्रदान गर्न आवश्यक छ । व्यवसाय दर्तादेखि बन्दसम्मको प्रक्रिया सरल र झन्झटरहित हुनुपर्छ । परियोजनाको सम्भावनाका आधारमा ऋण उपलब्ध गराउने व्यवस्था विकास गर्नुपर्छ, नकि घरजग्गा धितोको अनिवार्य शर्त । कृषि तथा उद्योगजन्य उत्पादनको बजार सुनिश्चित गर्न सरकार र स्थानीय तहले सक्रिय भूमिका खेल्नुपर्छ । तालिमपछि युवालाई समूहगत रूपमा उद्यममा जोड्ने संरचना नबनाएसम्म तालिमको प्रभाव सीमित रहन्छ ।

सोह्रौं योजना (२०८१/८२-२०८५/८६) ले औद्योगिक विकास, नवप्रवर्तन, सार्वजनिक-निजी साझेदारी र लगानीमैत्री वातावरण निर्माणलाई प्राथमिकतामा राखेको छ । कम्पनी दर्तादेखि बहिर्गमनसम्मका प्रक्रिया स्वचालित गर्ने, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामलाई प्रभावकारी बनाउने लक्ष्य लिइएको छ । यी नीति व्यवहारमा उतार्न सके युवालाई स्वदेशमै उद्यम र रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ ।


उद्यमशीलता र स्टार्टअप कर्जा युवाका लागि केवल आर्थिक साधन होइन, आत्मविश्वास, नवप्रवर्तन र स्वदेशमै भविष्य निर्माण गर्ने आधार हो । सही नीति, प्रभावकारी कार्यान्वयन र सहकार्यको माध्यमबाट युवालाई अवसर दिन सकिएमा नेपालले जनसांख्यिकीय लाभलाई समृद्धिको आधारमा रूपान्तरण गर्न सक्छ ।

## इतिहासमा आज


२० जनवरी २००९ मा २००९ को आइसल्यान्डमा वित्तीय संकट चुलिएपछि नागरिकहरू विरोध प्रदर्शनमा उत्रिएका थिए । जुन विरोध प्रदर्शनलाई आइसल्यान्डको इतिहासकै ठुलो मानिन्छ ।




२० जनवरी २०१८ मा बन्दुकधारीहरूको समूहले अफगानिस्तानको काबुलमा रहेको इन्टर-कन्टिनेन्टल होटलमा आक्रमण गरे, जसबाट १२ घण्टाको लडाइँ सुरु भयो । आक्रमणमा ४० जनाको मृत्यु भयो र धेरै जना घाइते भए ।



२० जनवरी २०२१ मा जो बाइडेनले संयुक्त राज्य अमेरिकाको ४६ औं राष्ट्रपतिको रूपमा पद बहाली गरेका थिए । उनी अमेरिकी इतिहासकै सबैभन्दा वृद्ध राष्ट्रपति हुन् ।



२० जनवरी २०२५ मा डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकाको ४७औं राष्ट्रपतिको रूपमा पद बहाली गरेका थिए । उनी हालसम्मकै सबैभन्दा वृद्ध व्यक्ति हुन् ।



# डडेल्धुराका स्थानीय तह : सम्भावना र चुनौतीहरू

विचार



● दिपकराज भट्ट

> **यदि स्थानीय तहहरूले कृषि र पर्यटन क्षेत्रमा दिगो रूपमा लगानी गर्न सके स्थानीय नागरिकको जीवनस्तरमा उल्लेखनीय सुधार आउने देखिन्छ । साथै, स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासमा पनि समान ध्यान दिन आवश्यक छ । यी क्षेत्रमा प्रभावकारी काम गर्न सके पहाडबाट हुने बसाइँसराइमा पनि निश्चित रूपमा कमी आउने देखिन्छ ।**

नेपाल संघीय संरचनामा गएपछि स्थानीय नागरिकहरूमा नयाँ उत्सुकता र विश्वास जागेको देखिन्छ । यही विश्वास र उत्सुकताअनुसार स्थानीय तहहरूले विकासका मोडालिटीहरू तय गरेको पाइन्छ । डडेल्धुरा जिल्लामा पनि संघीय संरचना लागू भएपछि जिल्लालाई ७ स्थानीय तह (२ नगरपालिका र ५ गाउँपालिका)मा विभाजन गरिएको छ ।

स्थानीय संरचनामा जिल्लाको विभाजन भएपछि पहिलो जनप्रतिनिधिहरूको कार्यकालमा सडक सञ्जाललाई नै प्राथमिकतामा राखिएको देखिन्छ । डडेल्धुराका सातै पालिकाहरूले आफ्नै सडक निर्माणका लागि जेसीबी खरिद गरेका छन् । यसका कारण टोल-टोलका आम नागरिकहरू सडक पहुँचमा नजिकिएको महसुस गर्न सकिन्छ । सडकपछि स्थानीय तहहरूको प्राथमिकतामा स्वास्थ्य र शिक्षा रहेका छन् । तर, पहाडी जिल्ला अन्तर्गत पर्ने डडेल्धुरामा बसाइँसराइ रोक्न नसक्दा यहाँबाट अन्यत्र सर्नेहरूको दर बढ्दो क्रममा देखिन्छ । स्थानीय तहहरूमा विकासका धेरै सम्भावना रहे पनि चुनौतीहरू पनि उत्तिकै छन् ।

डडेल्धुराका स्थानीय तहहरूमा पर्यटन, कृषि र पशुपालनका उल्लेखनीय सम्भावनाहरू रहेका छन् । सात स्थानीय तहहरूमध्ये भागेश्वर गाउँपालिकामा व्यावसायिक कृषि विकासको प्रबल सम्भावना देखिन्छ । यहाँ फलफूल र तरकारी उत्पादनका लागि अनुकूल वातावरण रहेको छ । अजयमेरु गाउँपालिकामा कृषि र पर्यटन क्षेत्रको राम्रो सम्भावना छ भने नवदुर्गा गाउँपालिकामा कृषि, पर्यटन तथा जलविद्युत् विकासको सम्भावना देखिन्छ । गन्यापधुरा गाउँपालिकामा कृषि र पर्यटनको सम्भावना प्रबल रहेको छ । आलिताल गाउँपालिका र परशुराम नगरपालिकामा पनि कृषि र पर्यटनको उत्तिकै सम्भावना छ । जिल्ला सदरमुकाममै रहेको अमरगढी नगरपालिकामा कृषि, पर्यटन र व्यापारको प्रबल सम्भावना रहेको छ ।

सातै पालिकामा कृषि र पर्यटनका थुप्रै सम्भावनाहरू रहेका छन् । स्थानीय तहहरूले यी क्षेत्रमा दिगो रूपमा लगानी गर्न सके आन्तरिक आम्दानी बढाउन सकिने देखिन्छ । देशभर लोप हुँदै गएको गड्डी भैंसी डडेल्धुराको गन्यापधुरा र अजयमेरु गाउँपालिकाका केही भूभागमा अझै पालन हुँदै आएको छ । यसको संरक्षण र प्रवर्द्धन गर्न सके स्थानीय तहका लागि राम्रो आम्दानीको स्रोत बन्न सक्छ । भागेश्वर गाउँपालिकामा तरकारी र फलफूल उत्पादनमा लगानी गर्न सके स्थानीय नागरिकहरूले राम्रो आयआर्जन गर्न सक्ने देखिन्छ । त्यहाँ रहेको भागेश्वर मन्दिर धुरालाई हाइकिङ मार्गका रूपमा विकास गर्न सके गाउँपालिकाको आन्तरिक आम्दानी उल्लेखनीय रूपमा बढ्न सक्छ ।

जिल्ला सदरमुकाममा रहेको अमरगढी नगरपालिकालाई पर्यटकीय हबका रूपमा विकास गर्न सके पर्यटन क्षेत्रबाटै राम्रो आम्दानी गर्न सकिने देखिन्छ । अमरगढी नगरपालिकामा अमरगढी किल्ला, उग्रतारा मन्दिर र घटालथान प्रमुख पर्यटकीय केन्द्रहरू हुन् । डडेल्धुराको पश्चिम-दक्षिण भागमा रहेको परशुराम नगरपालिकामा प्रमुख धार्मिक स्थल परशुराम धाम रहेको छ । त्यस्तै आलिताल गाउँपालिकामा आलिताल ताल रहेको छ । यी स्थानहरूको संरक्षण र प्रचार-प्रसार गर्न सके स्थानीय तहहरूले राम्रो आम्दानी गर्न सक्ने देखिन्छ ।

यदि स्थानीय तहहरूले कृषि र पर्यटन क्षेत्रमा दिगो रूपमा लगानी गर्न सके स्थानीय नागरिकको जीवनस्तरमा उल्लेखनीय सुधार आउने देखिन्छ । साथै, स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासमा पनि समान ध्यान दिन आवश्यक छ । यी क्षेत्रमा प्रभावकारी काम गर्न सके पहाडबाट हुने बसाइँसराइमा पनि निश्चित रूपमा कमी आउने देखिन्छ । हाल पहाडी जिल्लाहरूबाट बसाइँसराइ गर्नेको दर अत्यधिक बढिरहेको छ । पहाडबाट तराईतर्फ सर्नेहरूको संख्या दिनानुदिन बढ्दो छ । यसको मुख्य कारण पहाडमा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको पहुँच नहुनु हो । पछिल्लो समय पहाडी जिल्लाबाट वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्या बढ्दै गएको छ । स्थानीय स्तरमै रोजगारीका अवसर नपाउँदा युवा पुस्ता विदेशिन बाध्य भएको देखिन्छ । यसलाई न्यूनीकरण गर्न स्थानीय तहहरूले स्वरोजगारमुखी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक छ । बस्ती स्तरमै सीपमूलक तालिम सञ्चालन गरी युवालाई उत्पादनशील क्षेत्रमा जोड्नुपर्छ ।

बसाइँसराइको समस्यासँगै, डडेल्धुरामा शिक्षाको गुणस्तर पनि कमजोर रहेको छ । सामुदायिक विद्यालयहरूको अवस्था हेर्दा अधिकांश विद्यालयहरू गुणस्तरीय शिक्षाबाट पछि परेका छन् । शिक्षा क्षेत्रको सुधार गर्न सके बसाइँसराइको दर घट्ने र समाज रूपान्तरणमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ । डडेल्धुराका स्थानीय तहहरूले यी मुद्दाहरूलाई ध्यानमा राखी दिगो योजना बनाई अघि बढ्न सके स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना हुने, नागरिकको जीवनस्तर सुधार हुने र स्थानीय तहको आन्तरिक आयमा पनि वृद्धि हुने निश्चित देखिन्छ ।

## सामाजिक सञ्जाल



**तारानाथ दाहाल**

कुनै पदमा निर्वाचित भएपछि स्वास्थ्य अवस्थाले बाहेक जनादेशले दिएको समय अवधि पूरा नगरी अर्को पदको लालसामा राजीनामा गरेर हिँड्नु-मतदातालाई धोका हो । अवसरवादी हो । जबाफदेही नहुनु पनि हो । साथै, सो पदको नयाँ निर्वाचन गर्न लाग्ने राष्ट्रको अर्को खर्च-भ्रष्टाचार गरेसरह हो । आज धेरैले यसै गरे ।



**रञ्जित तामाङ**

प्रतिनिधि सभाको निर्वाचनमा उठ्न राष्ट्रिय सभा र स्थानीय तहका जनप्रतिनिधिहरूले राजीनामा दिनु जनमतमाथिको बेइमानी हो । आफूलाई पाएको म्यान्डेट पूरा नगरी अर्को मौका छोप्न दगुर्ने अवसरवादका पोकाहरूले देश बनाउँछ भनेर पत्याउनु संसारकै उत्कृष्ट भ्रम हो ।



**डम्मर खतिवडा**

ओली, गगन, प्रचण्ड, बालेन, कुलमान, हर्क, 'भावी प्रधानमन्त्री'को लस्कर छ । यो प्रणाली कसरी संसदीय रह्यो अब ? संसदीय व्यवस्था नै व्यवहारतः परिवर्तित भइसक्यो, सिधै प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीमा किन नजाने ? डुप्लिकेट र डमी अभ्यास गर्नुभन्दा सक्कली नै उचित हैन र ?



**प्रेम घर्ती मगर**

अदालतमा दायर भएपछि फैसलाबाट टुंगोमा जानु पर्ने मुद्दाबिचमै महान्यायाधिवक्ताले संशोधन गराउनु ठिक होइन । कुनै व्यक्तिमाथि प्रतिशोध साँधिएर अभियोग पत्र दर्ता भएको भए, त्यो हेर्ने निकाय अदालत हो, महान्यायाधिवक्ता होइन । अभियोग पत्र संशोधन गर्ने गलत अभ्यासले न्यायिक अराजकता निम्त्याउँछ ।

# ‘उम्मेदवारी मनोनयन गर्न जाँदा बाजागाजा र तडकभडक नगर्नुस्’

**काठमाडौं / मस**–निर्वाचन आयोगका प्रमुख कार्यवाहक निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले उम्मेदवारी मनोनयन गर्न जाँदा बाजागाजालगायत तडकभडक नगर्न चेतावनी दिएका छन् ।

सञ्चारकर्मीहरुसँग सोमबार आयोगमा कुराकानी गर्दै उनले उम्मेदवारी कायम गर्न जाँदा बाजागाजा लगायतका तडकभडक नगर्न चेतावनी दिएका हुन् । तडकभडकलाई कानुनले पूर्ण रुपमा निषेध गरेको र आचारसंहिताले पनि निषेध गरेकाले त्यस्ता गतिविधिहरु नगर्न सचेत गराए ।



आचारसंहिता उल्लंघन गर्नेविरुद्ध आयोगले कठोर निर्णय लिने चेतावनी दिए । निष्ठापूर्वक आचारसंहीतालाई परिपालन गर्दै मनोनयन पत्र दाखिल गर्न आग्रह गरे । प्रमुख कार्यवाहक निर्वाचन आयुक्त भण्डारीले अब हुने निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयमुक्त वातावरणमा हुने दाबी गरे । निर्वाचन हुँदैन कि भन्ने शंका नगर्न पनि आग्रह गरे । उनले अब हुने निर्वाचन समयमै जसरी पनि हुनैपर्ने निर्वाचन भएकाले निर्वाचनको विकल्प भनेकै निर्वाचन भएको बताए ।

**निर्वाचन आयोगले सुरु गर्‍यो ‘कल सेन्टर’**

मतदाताका निर्वाचनसम्बन्धी जिज्ञासाको निःशुल्क जानकारी दिने उद्देश्यले सोमबारदेखि निर्वाचन आयोगले ‘कल सेन्टर’ शुभारम्भ गरेको छ ।

निर्वाचनसम्बन्धी केही जिज्ञासा भएमा ‘टोल फ्रि नम्बर ११०२’ मा सम्पर्क गरी सोध्न सकिने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । ‘कल सेन्टर’ मा ६ वटा डेस्क स्थापना गरिएको छ । ती डेस्कबाट एकसाथ मतदाताको जिज्ञासाको समाधान गरिने उनले सुनाए । कामको चापअनुसार डेस्क बढाउन पनि सकिने जनाइएको छ ।

‘कल सेन्टर’ मा गण्डकी प्रदेशबाट फोन गरेका पहिलो व्यक्तिले यसअघि प्रकाशित भइसकेको लोकसेवा आयोगको परीक्षा निर्वाचन आचारसंहिताका कारण प्रभावित हुन्छ कि हुन्न भनी प्रश्न गरेका थिए । ‘कल सेन्टर’ का अधिकारीहरूले यसअघि नै तय भइसकेको परीक्षा निर्वाचन आचारसंहिताका कारण प्रभावित नहुने जवाफ दिएका थिए ।

बिहान ९ देखि ६ बजेसम्म ‘कल सेन्टर’ सञ्चालन हुने आयोगले जनाएको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी कुनै जानकारी चाहिएमा वा जिज्ञासा राख्न चाहेमा आजदेखि उम्मेदवार विजयी भएर प्रमाणपत्र नदिँदासम्म सञ्चालनमा आउनेछ ।

# थारु कल्याणकारिणी सभा मलेसियाको १०औं वार्षिक उत्सव सम्पन्न

**तिलोचन गौतम / मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, ५ माघ

प्रवासी नेपाली थारु समुदायको साझा संस्था थारु कल्याणकारिणी सभा मलेसियाले आफ्नो १०औं वार्षिक उत्सव तथा माघी पर्वको शुभकामना आदानप्रदान कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ ।



सभा अध्यक्ष प्रकाश चौधरीको सभापतित्वमा सम्पन्न कार्यक्रममा एनआरएनए मलेसियाका अध्यक्ष इन्द्र नारायण लिम्बु प्रमुख अतिथि तथा नेपाल आदिवासी जनजाति महासंघ मलेसियाका उपाध्यक्ष किसान गुरुङ विशेष अतिथि रहेका थिए । कार्यक्रममा मलेसियामा क्रियाशील विभिन्न संघ-संस्था, सामाजिक अभियन्ता, बुद्धिजीवी, श्रमिक र थारु समुदायका अगुवा व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

## नेपाल सरकार
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## डडेल्धुरा अस्पताल
### डडेल्धुरा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८२/१०/०६ गते)**


यस कार्यालयको मिति २०८२/०६/०५ गतेमा प्रकाशित सूचना बमोजिम X-Ray Machine & Other Equipments आपूर्ति गर्ने कार्यका लागि पेश भएका बोलपत्रहरु मध्येबाट तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतीको लागि छनौट गरिएको हुँदा, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| ठेक्का नं. | विवरण | फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| MoHP/DH/GOODS/NCB/02/2082-83 | Supply, Delivery, Installation and Commissioning of X-Ray Machine & Other Equipments. | Balaji Surgical Suppliers Dhangadhi-04, Kailali. | 81,95,000/- |

**प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट**

# पूर्वराज्यमन्त्री उप्रेतीको निधन



**काभ्रेपलाञ्चोक / मस**–पूर्वराज्यमन्त्री गोविन्दनाथ उप्रेतीको निधन भएको छ । काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका-८ स्थित घरमा ८२ वर्षको उमेरमा उनको निधन भएको हो ।

लामो समयदेखि श्वासप्रश्वाससम्बन्धी रोगले ग्रसित उप्रेतीलाई उनकी श्रीमतिको कारोनाकालमा निधन भएपछि भतिजा विष्णुबहादुरले रेखदेख गर्दै आएका थिए । सोमबार बिहान ३ बजे उनको निधन भएको वडाध्यक्ष मोतीलाल तामाङले बताए । लामो समयदेखि वामपन्थी आन्दोलनमा समाहित भएका उनली मध्यपूर्वीय क्षेत्रमा ‘रातो बाघ’ ले परिचित थिए । तत्कालीन समयमा सांसद हुँदै श्रमराज्यमन्त्री भएका उप्रेतीले मालेबाट एकीकृत भएपछि एमालेको राजनीति गरेका थिए ।

## Notice For Maximum Retail Price (MRP)

This Is To Notify In General Public That Following Is The Maximum Retail Price (MRP) Of The Air Conditioners **IMPORTED BY TECHNO TRADE PVT. LTD.**

| S. N. | Product | Brand | Model | Capacity | Country of Origin | Unit | Per Unit Price | (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | SPLIT AC | VOLTAS | CAS-INV-Voltas 243V CZMM | 2 Ton | India | Pcs | 131,571.00 | 131,571.00 |

**Seller's Name: TECHNO TRADE PVT. LTD. Pan No: 303760023**
**Address: Kathmandu, Nepal Phone No.: +977-1-4525299, 4536441**

## अम्बे स्टील्स लिमिटेड
**का.म.न.पा.वडा नं.१२, टेकु, काठमाडौं**

### तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/०६**

**आदरणिय शेयरधनी महानुभावहरु,**
यस अम्वे स्टील्स लिमिटेडको मिति २०८२/१०/०१ गतेको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको आ.व. २०८१/०८२ को तेस्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितीको लागि पत्र पठाइ सकेको व्यहोरा अनुरोध गर्दै उक्त पत्र प्राप्त नभएको खण्डमा यसै सूचनालाई आधार मानी उपस्थित भइ सभाको गरिमा बढाईदिनु हुन विनम्र अनुरोध छ ।

**सभा बस्ने मिति, समय र स्थानः**
**मितिः २०८२ साल माघ महिना २८ गते, बुधबार (तदनुसार २०२६/०२/११)**
**स्थानः कम्पनीको कर्पोरेट कार्यालय, टेकु, काठमाडौं ।**
**समयः बिहानको ११:00 बजे ।**

**छलफलका विषयहरु**
**१. विशेष प्रस्तावहरुः**
१. सञ्चालकहरुको पारीश्रमिक र भत्ता सम्बन्धमा ।
२. कम्पनी ऐन, २०६३ को दफा ९३, अन्तर्गतका कारोबारहरु छलफल तथा पारीत गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १०५ (ख) बमोजिम लिने/लिएको बैंक ऋण सम्बन्धमा छलफल तथा पारित गर्ने सम्बन्धमा ।
४. कम्पनीको शेयर प्रिमियम मूल्यमा सर्वसाधारणमा आई.पि.ओ (IPO) जारी, प्रिमियम मुल्य निर्धारण गरी बिक्री गर्ने र सो सम्बन्धी सम्पूर्ण कार्य अगाडि बढाउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
५. शेयरको सार्वजनिक निष्काशनको लागि बिक्री प्रबन्धक र अण्डरराईटर नियुक्त गर्ने सम्बन्धमा ।
६. शेयरको सार्वजानिक निष्काशनबाट प्राप्त रकमको उपयोग गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**२. सामान्य प्रस्तावहरुः**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/२०८२ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण सहितको लेखा परिक्षण प्रतिवेदन उपर छलफल तथा पारित गर्ने सम्वन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११, बमोजिम आ.व. २०८२/२०८३ को लागि लेखापरीक्षकको नियुक्त गर्ने तथा निजको पारिश्रमीक निर्धारण गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिको तर्फबाट आ.व २०८१/०८२ मा गरेको सञ्चालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
५. वार्षिक साधारण सभाको माईन्युटमा हस्ताक्षर गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
६. विविध विषयमा छलफल ।

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यावसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Eminence Recruitment International Pvt.Ltd.** **श्रम इजाजत पत्र नं. १५६९/०७९/०८०** मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | नागरिकता नं. | पद | ठेगाना |
|---|---|---|---|---|
| १. | दावा लामा | ३०-०१-०६६-२६४७ | मार्केटिंग अधिकारी | रोशी ७, काभ्रेपलान्चोक |
| २. | टेक माया थामी | २२-०१-८१-०३३९३ | कार्यालय सहयोगी | बिगु ६, दोलखा |

**EMINENCE**
Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 4110036, 4110040,
Email: info@eminencenepal.com, Web: ww.eminencenepal.com

## MANJUSHREE FINANCE LIMITED
## मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट ‘ग’ वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रिय कार्यालय : थापाथली, काठमाण्डौं**
**जि.पि.ओ. बक्स : २३१७०**
**फोन नं. ९७७-१-४७९२५१७, फ्याक्सः ९७७-१-४७८२५१७**
**Web: www.manjushreefinance.com.np**
**Email: info@manjushreefinance.com.np**

### धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/१०/०६**

यस वित्तिय संस्थाको नेपालगंज शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथली काठमाडौंमा ०८औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:०० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

| | |
|---|---|
| **१ (क) ऋणीको नाम :** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७६ बमोजिम प्रदेश सरकार लुम्बिनी प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नेपालगञ्ज, बाँकेमा मिति २०७७/१२/०३ गते, प्रा.फ.द.नं. १७४७/१००८७/०७७/०७८ भई, स्थायी लेखा नं. ६०३४५३३१५ भई बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा. वडा नं. १८ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री ममता पोल्ट्री फर्म**<br>**उद्योगी/सञ्चालकको नाम : रुप माया गौतम**<br>**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा**<br><br>**(ख) ऋणीको नाम : टाक्पा लामा र रुप माया गौतम**<br>**कर्जाको प्रकार : आवास कर्जा** | **उद्योगी/सञ्चालक/व्यक्तिगत जमानिकर्ता/ऋणीको नाम : रुप माया गौतम**<br>बाबु : जगत बहादुर गौतम<br>पति : टाक्पा लामा<br>ना.प्र.नं. : ४६७/५६४७<br>जारी मिति : २०४२/०६/१३, जि.प्र.का. : बाँके ।<br>ठेगाना : बाँके जिल्ला, नेपालगञ्ज न.पा वडा नं. १६ ।<br>हाल : बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा वडा नं. १८ ।<br><br>**व्यक्तिगत जमानिकर्ता : तेजश लामा**<br>बाबु : टाक्पा लामा<br>बाजे : निमा अबदु लामा<br>ना.प्र.नं. : ६६-०१-७६-०४६६४<br>जारी मिति : २०७६/०६/०५, जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. १८ । |
| **व्यक्तिगत जमानिकर्ता/ऋणीको नाम : टाक्पा लामा**<br>बाबु : निमा अबदु लामा<br>बाजे : दोलु लामा<br>ना.प्र.नं. : ७३<br>जारी मिति : २०४५/०१/०४, जि.प्र.का. : हुम्ला ।<br>ठेगाना : हुम्ला जिल्ला, सिमिकोट गा.वि.स/उ.म.न.पा. वडा नं. ०८, को परिवर्तित हुम्ला जिल्ला, सिमकोट गा.पा. वडा नं. ०४ । हाल : बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा वडा नं. १८ । | |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**<br>क) **श्री टाक्पा लामा**को नाममा मा.पो.का., बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, खासकारकादो गा.वि.स/न.पा. वडा नं. ५, स्थित कि.नं. ४९२, १७८१, १७८३ र १७७९ को क्षेत्रफल क्रमशः ०-०-१८-० (३०४.७४ व.मी.), ०-०-२.५-० (४.२३ व.मी.), ०-०-२.५-० (४.२३ व.मी.) र ०-०-२-० (३३.८६ व.मी.) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।<br>ख) **श्रीमती रुपमाया गौतम**को नाममा मा.पो.का., बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, खासकारकादो गा.वि.स/न.पा. वडा नं. ५, स्थित कि.नं. ४९३ को क्षेत्रफल ०-०-१८-० (३०४.७४ व.मी.) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।<br>ग) **श्रीमती रुपमाया गौतम**को नाममा मा.पो.का., बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, खासकारकादो गा.वि.स/न.पा वडा नं. ५, नक्सा सिट नं. ५ स्थित कि.नं. ३४३४ को क्षेत्रफल ०-०-१५-० (२५३.९५ व.मी.) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । | |

| | |
|---|---|
| **२. ऋणीको नाम :** साझेदारी ऐन, २०२० बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य आपुर्ती तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ती तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेमा मिति २०७७/०६/२२ गते, सा.फ.र.नं. ४००/०७७/०७८ भई, स्थायी लेखा नं. ६१४०५७३११ भई बाँके जिल्ला जानकी गा.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री शाईन अटो ट्रेडर्स ।**<br>**साझेदार : सिता राम यादव, शेख प्रवेज आलम**<br>**कर्जाको प्रकार : व्यवसाय डिमाण्ड कर्जा** | **साझेदार/व्यक्तिगत जमानिकर्ता : सिता राम यादव**<br>बाबु : उधौराम यादव<br>बाजे : हलही यादव<br>ना.प्र.नं. : ७१७८<br>जारी मिति : २०५७/१०/२९<br>(प्रथम प्रतिलीपी : २०७७/०७/१७), जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला मनिकापुर गा.वि.स. वडा नं. १ को परिवर्तित नेपालगञ्ज उ.म.न.पा. वडा नं २० । |
| **साझेदार/व्यक्तिगत जमानिकर्ता : शेख प्रवेज आलम**<br>बाबु : शेख जमालुदीन<br>बाजे : शोख साहिद<br>ना.प्र.नं. : ९५<br>जारी मिति : २०५५/०४/०५, जि.प्र.का. : रौतहट<br>ठेगाना : रौतहट जिल्ला कनकपुर गा.वि.स. वडा नं. २ को परिवर्तित गजुरा न.पा. वडा नं. ४ । | **व्यक्तिगत जमानिकर्ता : विनिता यादव**<br>बाबु : जगदीश प्रसाद यादव<br>पती : सिता राम यादव<br>ना.प्र.नं. : ११५४<br>जारी मिति : २०६१/१२/०९, जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला होलीया उ.म.न.पा/गा.वि.स. वडा नं. ७ परिवर्तित डडुवा गा.पा.वडा नं. १ । |
| **व्यक्तिगत जमानिकर्ता : बदरुण नेसा**<br>बाबु : शेष साफे अहम्मद<br>पती : शेख प्रवेज आलम<br>ना.प्र.नं. : ३२३०६३/१०७<br>जारी मिति : २०६३/११/१६, जि.प्र.का. : रौतहट<br>ठेगाना : रौतहट जिल्ला कनकपुर गा.वि.स/उ.म.न.पा. वडा नं. २ को परिवर्तित गजुरा न.पा. वडा नं. ४ । | **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**<br>शेख प्रवेज आलमको नाममा मा.पो.का. गुलरिया, बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, गुलरिया गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. ४क स्थित कि.नं. १०३४ र १००४ को क्षेत्रफल क्रमश ०-८-०.५-० (२७१७.५१ व.मी.) र ०-८-३-० (२७५९.८३ व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| **३. ऋणीको नाम : उप कुमारी योगी**<br>बाबु : रगं बहादुर योगी<br>पती : धन नाथ योगी<br>ना.प्र.नं. : ८५८७<br>जारी मिति : २०४३/०२/१८, जि.प्र.का., बाँके<br>ठेगाना : बाँके जिल्ला वागेश्वरी नगर/गा.पा. वडा नं ०३ को परिवर्तित खजुरा गा.पा. वडा नं ०३ ।<br>**कर्जाको प्रकार : कृषी कर्जा** | **ऋणीको नाम : सुमित्रा योगी**<br>बाबु : टोप बहादुर घर्ती मगर<br>पती : जनक नाथ यागी<br>ना.प्र.नं. : ६६-०१-७३-०३२५७<br>जारी मिति : २०७३/०६/०४, जि.प्र.का., बाँके<br>ठेगाना : बाँके जिल्ला वागेश्वरी गा.वि.स वडा नं ०३ को परिवर्तित खजुरा गा.पा वडा नं ०३ । |
| **व्यक्तिगत जमानिकर्ता : इश्वरी योगी**<br>बाबु : धन नाथ योगी<br>पती : मान बहादुर योगी<br>ना.प्र.नंः ६६१०४०/३२०<br>जारी मिति : २०६५/०९/०१, जि.प्र.का., बाँके<br>ठेगाना : बाँके जिल्ला वागेश्वरी गा.वि.स वडा नं ०३ को परिवर्तित खजुरा गा.पा वडा नं ०३ । | **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**<br>उप कुमारी योगीको नाममा मा.पो.का. नेपालगंज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला वागेश्वरी गा.वि.स वडा नं ०३, नक्सा सिट नं. ०३५१२४४ स्थित कि.नं. ८०४ र कि.नं. ७३७ को क्षेत्रफल ८८४.६१ व.मि. र १७८.५० व.मि. को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| **४. ऋणीको नाम : जनक नाथ योगी**<br>बाबु : धन नाथ योगी<br>बाजे : मान बहादुर योगी<br>ना.प्र.नं. : २०६८०<br>जारी मिति : २०६२/०९/०३ (दोस्रो प्रतिलिपी २०७८/०५/१०), जि.प्र.का, बाँके<br>ठेगाना : बाँके जिल्ला वागेश्वरी गा.वि.स वडा नं ०३ को परिवर्तित खजुरा गा.पा वडा नं ०३ ।<br>**कर्जाको प्रकार : आवाश कर्जा** | **व्यक्तिगत जमानिकर्ता : सुमित्रा योगी**<br>बाबु : टोप बहादुर घर्ती मगर<br>पती : जनक नाथ यागी<br>ना.प्र.नं. : ६६-०१-७३-०३२५७<br>जारी मिति : २०७३/०६/०४<br>जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला वागेश्वरी गा.वि.स वडा नं ०३ को परिवर्तित खजुरा गा.पा. वडा नं ०३ । |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**<br>जनक नाथ योगीको नाममा मा.पो.का. नेपालगंज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला वागेश्वरी गा.वि.स वडा नं ०३, नक्सा सिट नं. ०३५१२४४ स्थित कि.नं. ६२१ को क्षेत्रफल ३३८.६३ व.मि. को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । | |

**शर्तहरूः**
१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ ।
३. गोप्य शिलबन्दी फाराम यो सुचना प्रकाशित भएको मितिले ७ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फाराममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मितिः**
**मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय थापाथली, काठमाडौं**
**समय : दिउँसो ४:00 बजे, मितिः २०८२/१०/१३ गते**

# धान रोप्ने जमिन घट्दा उत्पादनमा असर

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं ५ माघ



धान रोप्ने समयमा पानी नपरेर खडेरी हुँदा धान उत्पादनमै कमी भएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार गत वर्षको तुलनामा धान खेती काम हुँदा त्यसको असर उत्पादनमा समेत देखिएको जनाएको छ। मन्त्रालयको यो वर्ष धानखेती हुने जमिन ३ दशमलव ८ प्रतिशतले घट्दा कुल उत्पादन ४ दशमलव २० प्रतिशतले घट्ने देखिएको छ। धान बालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्वमा कमी आएको मन्त्रालयको भनाइ छ।

आर्थिक वर्ष २०८१/८२ मा १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा धान खेती गरिएको भएको थियो भने यो वर्ष धानखेती हुने क्षेत्रफल घटेर १३ लाख ७६ हजार ८ सय ७२ हेक्टरमा सीमित भएको हो। पछिल्लो पाँच वर्षयता धानखेती योग्य जमिन निरन्तर घटिरहेको छ। धानखेती जमिन घट्दा त्यसको असर धान उत्पादनमा देखिएको हो।

### हरेक वर्ष घट्दै धानखेती जमिन

| |
|---|
| आर्थिक वर्ष २०८२/८३ मा १३ लाख ७६ हजार ८ सय ७२ हेक्टर |
| आर्थिक वर्ष २०८१/८२ मा १४ लाख २० हजार ६ सय ३६ हेक्टर |
| आर्थिक वर्ष २०८०/८१ मा १४ लाख ३८ हजार ९ सय ८९ हेक्टर |
| आर्थिक वर्ष २०७९/८० मा १४ लाख ४७ हजार ७ सय ८९ हेक्टर |
| आर्थिक वर्ष २०७८/७९ मा १४ लाख ७७ हजार ३ सय ७८ हेक्टर |

आर्थिक वर्ष २०८१/८२ मा ५९ लाख ५५ हजार ४ सय ७६ मेट्रिक टन धान उत्पादन भएकोमा चालु आर्थिक वर्षमा ४ दशमलव २० प्रतिशतले कमी भई ५७ लाख ५ हजार १ सय २६ मेट्रिक टन धान उत्पादन हुने अनुमान मन्त्रालयले गरेको हो। यसैगरी गत वर्ष उत्पादकत्व ४ दशमलव १९ मेट्रिक टन प्रतिहेक्टर रहेकामा २०८२/८३ मा उत्पादकत्व १ दशमलव १६ प्रतिशतले घटेर ४ दशमलव १४ मेट्रिक टन प्रतिहेक्टर हुन पुगेको मन्त्रालयको भनाइ छ।

राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार आर्थिक २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५ दशमलव १६ प्रतिशत हुने अनुमान छ भने कृषि क्षेत्रको गार्हस्थ्य उत्पादनमा धानबालीको योगदान १२ प्रतिशत रहेको छ। सातवटै प्रदेशका कृषि मन्त्रालयको धान बालीको तथ्यांकले नेपालमा यो वर्ष धान उत्पादनमा कमी देखिएको हो।

मन्त्रायलका अनुसार धान उत्पादनमा गत वर्षभन्दा ४ प्रतिशतले कमी आउनुमा धानखेतीको गर्ने जमिन घट्नु रहेको मुख्य कारण रहेको मन्त्रालयका प्रवक्ता डा. जानुका पण्डितले जानकारी दिइन्। यस्तै, पहाडी क्षेत्रमा देखिएको बसाइसराइ, युवाहरूको विदेश जाने लहर र फलफूल तथा नगदेबालीमा कृषकको आकर्षणले समेत धान खेतीमा कमी आएको उनको भनाइ थियो। यस्तै, तराई एवं सहरी क्षेत्रमा वृद्धि भइरहेको बसाइँसराइ, जमिनको औद्योगिक एवं अन्य भौतिक पूर्वाधार निर्माणले धानखेतीको क्षेत्रफल घटेको मन्त्रालयको भनाइ छ। यस वर्ष तराईलगायत मधेश प्रदेशमा धान लगाउने समयमा परेको खडेरी र भित्र्याउनेबेला आएको वर्षाको कारण समेत धान उत्पादनमा कमी आएको हो।

धानबाली भित्र्याइएको समय र सिँचाइको क्षेत्रफलमा भएको परिवर्तन, किसानसँगको अन्तर्क्रिया जमिनको अन्य प्रयोगमा भएको परिवर्तनलाई आधारले मानेर गरिएको अध्ययनले धान उत्पादनमा गिरावट आएको देखाएको हो।

# बागमती प्रदेशद्वारा ६ महिनामा १७ अर्ब बढी राजस्व संकलन




**काठमाडौं/मस–** चालु आर्थिक वर्ष २०८२/८३ को ६ महिनामा बागमती प्रदेश सरकारले वार्षिक लक्ष्यको २५ दशमलव ८४ प्रतिशत अर्थात् १७ अर्ब ४३ करोड ५८ लाख ७७ हजार राजस्व संकलन गरेको छ।

घरजग्गा रजिस्ट्रेसन (मालपोत) र सवार ीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य आयस्रोत मानिन्छ। दुवै शीर्षकसहित बाँडफाँट आर्थिक वर्ष २०८२/८३ मा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार राजस्व संकलन हुने अनुमान गरिएकामा साउन महिनादेखि पुस महिनासम्ममा लक्ष्यको ३१ दशमलव ४८ प्रतिशत अर्थात् ९ अर्ब ७२ करोड ५० लाख २८ हजार राजस्व संकलन भएको बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत केशव भण्डारीले जानकारी दिए।

उनका अनुसार चालु आव २०८२/८३ मा घरजग्गा रजिस्ट्रेसन शीर्षकबाट ७ अर्ब ७० करोड राजस्व संकलन गर्ने लक्ष्य रहेका ६ महिनाको अवधिमा २ अर्ब १ करोड ६६ लाख ९० हजार राजस्व संकलन भएको छ।

यस्तै, प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२/८३ मा ८ अर्ब २५ करोड अनुमान गरिएकामा पुस महिनासम्ममा २ अर्ब ६३ करोड ८३ लाख ७५ हजार राजस्व संकलन गरेको छ।

यस्तै, प्रदेश सरकारले बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत ८ अर्ब ७९ करोड ८६ लाख ६७ हजार प्राप्त हुने अनुमान गरिएकामा सो अवधिसम्ममा ३ अर्ब ६९ करोड ५४ लाख ९० हजार संकलन भएको छ भने अन्त:शुल्क करबापत ४ अर्ब ३ करोड ७९ लाख ९ हजार प्राप्त हुने अनुमान गरिएकामा १ अर्ब २८ करोड १० लाख ८२ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ।

त्यसैगरी, संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकामा ६ महिनाको अवधिमा त्यसको ३८ दशमलव ७८ प्रतिशत अर्थात् ५ अर्ब ७४ करोड ७५ लाख ३० हजार प्राप्त भएको अधिकृत भण्डारीले बताए।

यस्तै, चालु आव २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्वबाट ४ अर्ब ७७ करोड ७४ लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकामा ६ महिनाको अवधिमा लक्ष्यको ३९ दशमलव १९ प्रतिशत अर्थात् १ अर्ब ८७ करोड २२ लाख ४५ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद-बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेजनी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व संकलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायत कारणले अपेक्षाकृत राजस्व संकलन हुन नसकेको उनको भनाइ छ।

**SudurPaschim ProvinceGovernment**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Bajhang**

**Letter of Intent**

**Date: 2082/10/06**

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063 and the instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No. | Name & Address of Bidder | Bid Pricein RS (Excluding VAT & PS) |
|---|---|---|
| IDOBAJHANG/W/NCB/R/82/83-01 | B.l.b Construction And Suppliers Pvt. Ltd, Masta-05, Bajhang | 27,08,764.50 |
| IDOBAJHANG/W/NCB/R/82/83-02 | Attyal Nirman Sewa, Bugal-11, Bajhang | 23,23,030.00 |
| IDOBAJHANG/W/NCB/R/82/83-03 | Mycle & Merry Nirman Sewa, Bugal, Bajhang | 24,76,280.00 |
| IDOBAJHANG/W/NCB/R/82/83-04 | Attyal Nirman Sewa, Bugal-11, Bajhang | 22,92,282.50 |
| IDOBAJHANG/W/NCB/R/82/83-05 | Attyal Nirman Sewa, Bugal-11, Bajhang | 23,49,950.00 |
| IDOBAJHANG/W/NCB/R/82/83-06 | Shree Krishna Construction, Jayprithivi-10, Bajhang | 36,96,263.40 |

**Office Chief**
**IDO Bajhang**

# ‘रेड्मी नोट १५ सिरिज’ नेपालमा सार्वजनिक




**काठमाडौं/मस–** साओमीले आफ्नो बहुप्रतिक्षित स्मार्टफोन सिरिज रेड्मी नोट १५ नेपाली बजारमा सार्वजनिक गरेको छ। उत्कृष्ट फिचर रहेका यस सिरिजअन्तर्गत रेड्मी नोट १५ फोरजी, रेड्मी नोट १५ फाइभजी, रेड्मी नोट १५ प्रो फाइभजी र रेड्मी नोट १५ प्रो प्लस फाइभजी गरी चार भेरियन्ट नेपाली बजारमा आएको हो।

नयाँ सिरिजमार्फत साओमीले डिजाइन, डिस्प्ले, क्यामेरा, ब्याट्री र परफर्मेन्स सबै पक्षमा उल्लेखनीय सुधार गरेको दाबी गरेको छ। रेड्मी नोट १५ सिरिजका सबै मोडेलमा ठुलो साइजको एमोलेड डिस्प्ले समावेश गरिएको छ। फोनमा ६.७७ इन्चदेखि ६.८३ इन्चसम्मको डिस्प्ले दिइएको छ, जसले १२० हर्ज रिफ्रेस रेट सपोर्ट गर्छ। उच्च रिफ्रेस रेटका कारण स्क्रोलिङ, गेमिङ तथा भिडियो हेर्दा प्रयोगकर्ताले स्मुथ अनुभव पाउने अपेक्षा गरिएको छ।

रेड्मी नोट १५ सिरिजमार्फत साओमीले नेपाली स्मार्टफोन बजारमा आफ्नो उपस्थिति अझ बलियो बनाउने रणनीति लिएको देखिन्छ। आधुनिक डिजाइन, शक्तिशाली क्यामेरा, ठूलो ब्याट्री, नयाँ सफ्टवेयर र फरक-फरक मूल्य तथा क्षमताका भेरियन्ट उपलब्ध गराइएकाले यो सिरिजले नेपाली उपभोक्ताको ध्यान तान्ने अपेक्षा गरिएको छ।

# नेसनल लाइफको एमडिआरटी सम्मान कार्यक्रम सम्पन्न




**काठमाडौं/मस–** नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले एमडिआरटी सम्मान तथा तालिम कार्यक्रम सम्पन्न गरेको छ। कम्पनीले धुलिखेलस्थित दूषित थानी हिमालयन रिसोर्टमा कम्पनीका अध्यक्ष प्रेमाराज्य लक्ष्मी सिंहको प्रमुख आतिथ्य तथा प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीको सभापतित्वमा सो कार्यक्रम सम्पन्न गरेको हो।

अभिकर्ताहरूको अन्तर्राष्ट्रिय फोरम एमडिआरटीले एमडिआरटी २०२६ का लागि तोकेको बिमाशुल्क संकलन गरी नेपालभरबाट टिओटीमा दुई जना सिओटीमा चार जना र एमडिआरटीमा ७७ जना गरी छनोट भएका ८३ जना अभिकर्तालाई कम्पनीले एक समारोहबीच सम्मान गरेको छ।

कार्यक्रममा सहभागी भएका अभिकर्तालाई चर्चित अन्तर्राष्ट्रिय प्रशिक्षक काजिम रजाले जीवन बिमा व्यवसायमा थप हौसला प्रदान गर्दै तालिम प्रदान गरेका थिए। साथै, समारोहमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले कम्पनीलाई अग्रस्थानमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने अभिकर्ता समूहलाई उच्च प्राथमिकतामा राख्दै केही नयाँ अभ्यास सुरु गरेको बताएका थिए।

# एनसेल र भाटभटेनीको टी-२० विश्वकपका मर्चेन्डाइजमा अफर

**काठमाडौं/मस–** एनसेल र भाटभटेनीले संयुक्त रूपमा विशेष अफर सार्वजनिक गरेका छन्। उनीहरूले संयुक्त रूपमा नेपालको आधिकारिक टी-२० पुरुष क्रिकेट विश्वकप २०२६ को मर्चेन्डाइज खरिद गर्दा उपभोक्ताले २० प्रतिशतसम्म छुट प्राप्त गर्ने अफर ल्याएका हुन्।

अफरअनुसार करसहित २ ९९ वा सोभन्दा माथिका एनसेल डेटा वा कम्बो प्याक खरिद गर्ने ग्राहकहरूले छुटका लागि कुपन प्राप्त गर्ने जनाइएको छ। प्राप्त कुपन भाटभटेनीको अनलाइन स्टोरमार्फत आधिकारिक टी-२० क्रिकेट विश्वकपका मर्चेन्डाइज खरिद गर्दा प्रयोग गर्न सकिने एनसेलले जनाएको छ।




यस अफरले क्रिकेट प्रेमीहरूलाई गर्वका साथ मर्चेन्डाइज प्रयोग गर्ने अवसर प्रदान गर्दै राष्ट्रिय क्रिकेट टोलीसँग भावनात्मक रूपमा झन् बढी जोड्ने अपेक्षा गरिएको छ। अफरअन्तर्गत नेपाली राष्ट्रिय क्रिकेट टोलीको जर्सी, रेप्लिका जर्सी, क्रिकेट ट्र्याकसुट तथा क्याप समावेश छन्।

**Hatuwagadhi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Ghodetar, Bhojpur**
**Koshi Province, Nepal**

**Invitation For E-Bid (NCB) for the following construction works as specified below**

**First Date of publication: 2082/10/06**

1. Hatuwagadhi Rural Municipality Office of the Rural Municipal Executive, Ghodetar, Bhojpur, invites Electornic Bids from eligible bidders for the procurement of the following works.
2. All other information and BID document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp or may obtain at office during office time till the day before deadline date. All eligible bidders are requested to submit Bid/SQs as per instructions within the mentioned period.

| S.N. | Name of Project | Contract ID | Bid Document Fee | Total Cost (Without Vat & PS) | Bid Security | Last Submission Date |
|---|---|---|---|---|---|---|
| 1 | *Ward Karyalaya Bhawan Nirman Ward no. 3* | HRM/CW/ NCB/06/082-83 | NRs. 3,000.00 | NRs. 91,28,196.56 | NRs. 2,20,000.00 | 2082/11/08 (12:00) |
| 2 | *Ward Karyalaya Bhawan Nirman Ward no. 9* | HRM/CW/ NCB/07/082-83 | NRs. 3,000.00 | NRs. 89,81,748.42 | NRs. 2,20,000.00 | 2082/11/08 (12:00) |

**Information to deposit cost of bidding document**

Name of bank: Prabhu bank Ltd, Branch office Hatuwagadhi, Bhojpur.

Name of office: Hatuwagadhi Rural Municipality,Office of the Rural Municipal Executive,Ghodetar, Bhojpur.

Office account no.: **1560113798600010 HATUWAGADHI GA.PA. GA 1.1 ANTARIK RAJASWO KHAATA**

1. Electronic bids must be submitted to the office of **Hatuwagadhi Rural Municipality,Office of the Rural Municipal Executive,Ghodetar, Bhojpur** through PPMO website www.bolpatra.gov.np/egp 99
2. All other conditions of the bidding process will be as per the public procurement act 2063 and public procurement regulation 2064.

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**